## हार्दिक शुभकामना

हिन्दूहरूको महान चाड बडादशैं २०७९ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनी तथा हाम्रा पाठक एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक


## निर्वाचनमा डकैती मतदान

काठमाडौं । स्वतन्त्र निष्पक्ष निर्वाचन पद्धति र जनमतलाई सरकार र निर्वाचन आयोगले खिल्ली उडाएको लोकतन्त्रवादीको आरोप छ । देशभर डकैती मतदान र चोरी मतगणना रोक्ने नीतिनियम हालसम्म निर्वाचन आयोगले सार्वजनिक गरेको छैन ।

मतदान केन्द्रहरू दलबल हुलहुज्जत हिंसा आतंक डर त्रास यसपटक निर्वाचन बढ्ने सर्वेक्षणले देखाएको छ । ७७ जिल्लाका सबै मतदान केन्द्र र उपकेन्द्रमा निर्वाचन पर्यवेक्षक र मानव अधिकारवादी डकैटी मतदानको पर्यवेक्षण गर्न जाने छैनन् । **बाँकी ८ पेजमा**

वर्ष ११ अंक १९, २०७९ साल असोज १४ गते शुक्रबार, नेपाल संवत् ११४२ (Sept. 30, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# स्वतन्त्रले पुरानो किल्ला तोड्लान त ?

काठमाडौं । आगामी मंसिर ४ गते सम्पन्न हुने संघीय संसद र प्रदेशसभा निर्वाचनको सारगर्मीलाई हिन्दू नेपालीहरूको महान चाड बडादशैंको रौनकले केही ओझेलमा पारे पनि कस्ता उम्मेदवारलाई जिताउने भन्ने विषयमा भने जनस्तरमा व्यापक बहसपैरवी चलिरहेकै छ । गणेशमान सिंहका भेडा जनताले यसपटक नयाँ अनुहारलाई रोज्ने हुन् कि उनै सनातनी दल बासी अनुहारहरूलाई नै पुनः जिताएर 'कर्तव्य पूरा' को धर्म निर्वाह गर्ने हुन्, यसको छिनोफानोको समय अब धेरै टाढा पनि छैन ।

यसपटकको निर्वाचनमा 'स्वतन्त्र' बिल्लाधारीहरू निकै सल्बलाइरहेका छन् । अबको चुनावी ट्रेन स्वतन्त्र उम्मेदवार हो भन्ने चियागफहरू पनि सुनिँदैछन् । गत स्थानीय निर्वाचनमा बालेन, हर्क, हमालहरूले दलका हेभिवेट, उम्मेदवारलाई हराएपछि अहिले संघीय संसद र प्रदेशसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवार बन्नेको लहर नै चलेको छ । स्वतन्त्र उम्मेदवार समर्थकहरूको राजनीतिक दल र तिनका उम्मेदवार विरुद्ध नाराबाजी समेत गरेको अनौठो दृश्य देखिन थालेको छ । 'झोले पार्टी मूर्दावाद' स्वतन्त्र उम्मेदवार जिन्दावाद जस्ता नाराहरूले एकातिर दलहरूप्रतिको वितृष्णालाई सतहमा ल्याएको छ भने खाइपाइ आएका पुराना नेताहरूप्रतिको घृणालाई उजागर गरेको देखिन्छ ।

हो, आम नेपाली मतदातामा पुराना दलहरू र तिनका नेताहरूप्रतिको विश्वास डगमगाएको अहिलेको अवस्था हो । दल र तिनका नेताहरूले राजनीतिलाई व्यवसाय बनाए । राजनीति त समाज सेवाको उत्कृष्ट माध्यम हुनुपर्ने हो । राज्यबाट लिनेहरूले होइन राज्यलाई दिनेहरूले यहाँ राजनीति गर्नुपर्ने हो । राजनीतिक दल र नेतृत्वको अर्जुनदृष्टि नागरिक र राज्यको समृद्धिमा केन्द्रित हुनुपर्ने मान्यता राजनीतिशास्त्रले राख्छ । तर नेपालमा राजनीति कमाउने पेसा भएको छ । चुनाव जित्नु भनेको भ्रष्टाचार गर्ने लाइसेन्स प्राप्त गर्नु जत्तिकै भएको छ । सांसद र मन्त्री बनेर पशुपति शर्माको गीतले भनेझैं देश



लुट्ने छुट छ यहाँ । जोगी बन्नलाई राजनीति गरिँदैन भन्दै हाक्काहाक्की भ्रष्टाचार गर्छन् नेताहरू ।

भ्रष्टाचार हेर्ने, अनुसन्धान गर्ने र कारबाहीको सिफारिस गर्ने अख्तियारी प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्ट नेताहरूका हातमा छिर्लिङ्चुरी लगाउन सक्दैन । किनकि अख्तियारका पदाधिकारीहरू तिनै भ्रष्ट र बदमास नेताहरूको आशीर्वादले त्यहाँ पुगेका हुन्छन् । ख्वामितका विरुद्ध कदम चाल्नु आत्मघात हुनेछ भन्नेमा अख्तियारका लाउकेहरू भलिभाँती जानकार छन् ।

नेतृत्व मानव प्राणीका लागि मात्र आवश्यक शक्ति होइन । सबैजसो प्राणीको प्राकृतिक आवश्यकता हो । कमिला वा माहुरी हात्तीको बथान वा बाँदरको हूल, बसाइँ गइरहेका चरा यी सबैमा नायक हुन्छ । नायकत्वको अनुशासनमा यी प्राणीको दैनिकी चलेको हुन्छ । संसारमा जुन मुलुकले असल नेता पायो ती मुलुक दरिद्रताबाट उठेर विकसित र समृद्ध बने । जुन मुलुकले खराब नेता बेहोर्‍यो नेताकै कारण तिनले महादुर्दशा भोग्नुपर्‍यो । उदाहरण नेपाल स्वयं छ । देश अधिराज्यबाट अर्ध राज्यको अवस्श्रथामा झरिसक्यो । हामीले जतिसुकै परिवर्तन गणतन्त्र नेपाल, धर्मनिरपेक्ष मुलुक भन्ने नारा घोके पनि विदेशीले एसियामा अर्को अफगानिस्तानका रुपमा नेपाललाई हेरिरहेका छन् । जसले हरेक शासकीय नेतृत्वमा असफलता मात्र देखाइरहेको छ । दक्षिण एसियामै अवस्थित अफगानिस्तान अतिवादी खराब नेतृत्वको कारण दुर्दशामा फस्यो । नेपाल शक्ति राष्ट्रहरूको चेपुवामा पर्दै त्यही नियति भोग्न विवश हुने संकेत देखिन थालेका छन् । सायद यही कारण पनि स्वतन्त्र उम्मेदवारहरू वैकल्पिक रोजाइ बन्न पुगेका हुन् कि ?

हामीले अवलम्बन गरिरहेको राजनीतिक प्रणाली निर्दलीय होइन, बहुदलीय प्रतिस्पर्धात्मक संसदीय प्रणाली हो । नेपालको संविधान २०७२ ले निर्दलीयताको कल्पना समेत गर्दैन । वस्तुतः स्वतन्त्र उम्मेदवार निर्दलीयताकै प्रतिकात्मक स्वरुप हो । जसको दल हुँदैन, जसको विचार दर्शन र राजनीतिक कार्यक्रम हुँदैन । हो त्यस्ता उम्मेदवारहरूले आफूले गर्ने कामहरूको फेहरिस्त प्रतिबद्धता पत्रका रुपमा मतदातासमक्ष राख्छन् । स्थानीय तह स्तरमा यस्ता प्रतिबद्धताहरू व्यवहारमा आउन सक्ने सम्भावना हुन्छ । बालेन, हर्कहरूका कार्यशैलीले यसको पुष्टि गर्छन् । तर संघीय र प्रदेश स्तरमा स्वतन्त्रहरूका प्रतिबद्धताहरू पागलका सपनामा परिणत हुने निश्चित छ । त्यहाँ दुई चारजना स्वतन्त्र मान्छे पुग्दैमा बाल हुनेवाला छैन । किनकि तिनका अगाडि दलहरू अभेद्य पहाड भएर उभिएका हुन्छन् । जब संघीय र प्रदेशसभामा स्वतन्त्रहरू हब्ब न चब्ब बन्न पुग्छन् तब मतदातासँग पश्चात्ताप गर्नुको विकल्प रहँदैन ।

पञ्चायतकालका पद्मरत्न, जागृत भेटवाल, द्रोणाचार्य रुपचन्द्र बिष्टहरू राष्ट्रिय पञ्चायतमा **बाँकी ८ पेजमा**

## चुनाव खर्चमा सीमा तोक्ने गृहकार्य सुरू

काठमाडौं । निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको आगामी निर्वाचनमा उम्मेद्वारहरूले गर्न पाउने खर्चको सीमा बढाउने तयारी गरेको छ । आगामी मंसिर ४ गते हुने निर्वाचनमा उम्मेद्वार र दलहरूले गर्न पाउने खर्चको अधिकतम सीमाको विषयमा छलफल गर्न आयोगले मंगलबार दलका प्रतिनिधिहरूसँग छलफल गरेको थियो । छलफलका क्रममा दलका प्रतिनिधिहरूले पनि खर्चको सीमा बढाउन सुझाव दिएका थिए । त्यसपछि आयोगले निर्वाचनसम्बन्धी कानुन र आचारसंहिता बमोजिम उम्मेदवार र दलहरूले खर्च गर्न पाउने अधिकतम सीमा तोक्ने गृहकार्य सुर गरेको आयोग स्रोतले जनाएको छ । दलका प्रतिनिधिहरूले छलफलका क्रममा ०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा तोकिएको खर्चको हद बढाउनुपर्ने, फरक/फरक निर्वाचन क्षेत्रका लागि एउटै खर्च सीमा तोक्न नहुने, आचारसंहितालाई कडाइका साथ पालना गराउनुपर्नेजस्ता सुझाव **बाँकी ८ पेजमा**

## प्रतिष्ठानद्वारा विविध सहयोग



काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानले विभिन्न विद्यालय तथा संस्थाहरूलाई गत हप्ता नगद तथा जिन्सी सहयोग गरेको छ । प्रतिष्ठानले आजाद आधारभूत विद्यालय भोटेवहाल लगनलाई रु. ८७ हजारको एक ल्यापटप र एक थ्रिइन वन प्रिन्टर, श्री सिद्धेश्वर मावि वानेश्वर मिनभवनलाई रु. १ लाख २४ हजार बराबरको साउण्ड सिष्टम, भिमसेनगोला माध्यामिक विद्यालय वानेश्वरलाई **बाँकी ८ पेजमा**

## सिभिलमा महँगो खाना टेन्डर

काठमाडौं । काठमाडौंले सिभिल अस्पतालको चमेनागृह (क्यान्टिन) सञ्चालन बोलपत्र र त्यसका सर्तहरू सम्बन्धमा छानबिनको माग कर्मचारीले गरेका छन् । यस सम्बन्धमा वीर अस्पतालमा पनि आन्दोलन सुरु भएको छ । मालसामान खरिद र प्रयोग सम्बन्धमा पनि छानबिनको माग छ । सिभिल अस्पतालको टेण्डर सूचनामा कर्मचारीले दशौं गुणा बढी मोल तिरी खानाहरू र खाज खानुपर्ने दररेट टाँसी बोलपत्र गरेको कर्मचारीको भनाइ छ । घटीभन्दा घटी मूल्यमा गुणस्तरीय खाद्य वस्तुहरू सेवा दिने गरी टेण्डर हुनुपर्ने **बाँकी ८ पेजमा**

## दुई महिनामा साढे दुई खर्ब व्यापार घाटा

काठमाडौं । चालु आर्थिक वर्ष ०७९/८० को पहिलो दुई महिनामा नेपालको कुल वैदेशिक व्यापार ३ खर्ब नाघेको छ । भदौ मसान्तसम्ममा नेपालले २ खर्ब ७३ अर्ब ५९ करोड ९६ लाख रुपैयाँ बराबरको वस्तु आयात र २८ अर्ब ६८ करोड रुपैयाँ बराबरको निर्यात गरेको भन्सार विभागको तथ्यांक छ । यी दुई महिनामा कुल ३ खर्ब २ अर्ब २८ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएकामा नेपालले २ खर्ब ४४ अर्ब ९१ करोड रुपैयाँ बराबर व्यापार घाटा बेहोरेको छ । **बाँकी ८ पेजमा**

## 'अनियन्त्रित बजार, सरकार मौन

■ **घनश्याम ओली**

काठमाडौं । हरेक वर्ष दशैंको समयमा मूल्य वृद्धिको चर्चा हुने गरेको छ । दशैं, तिहार, छठ जस्ता नेपाली जनताले उत्साहजनक ढंगले मनाउने चाडपर्वका बेला व्यापारीहरूले आफ्नो व्यापार बढाउने अवसरका रुपमा उपयोग गर्ने गरेका छन् । चाडपर्वको बेला साविकभन्दा कयौं गुणा बढी दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, फलफूल, मिठाइ, मासुजस्ता वस्तुको व्यापार हुने गरेको छ ।

लामो समयदेखि मौकाको पर्खाइमा बस्ने व्यापारीहरूले व्यापार सँगसँगै मूल्य समेत बढाएर उपभोक्तालाई मारमा पार्ने गरेका छन् । मूल्य वृद्धिको अनुपातमा जनताको क्रय शक्ति बढेको छैन । आम्दानीभन्दा बढी मूल्य खर्च गर्नुपर्दा उपभोक्ता ऋणको बोझले थिचिने गरेका छन् ।

चिनीको मूल्य वृद्धिमा सधैंभरि ठूलो खेल हुने गरेको छ । मुलुकभित्र सञ्चालित चिनी मिलहरू सस्तो



भारतीय चिनी भित्रिएका कारण आफ्नो उत्पादन गोदाममा थन्क्याउनु परेको बताउँछन् । उता चिनी मिलहरूले किसानसँग उधारोमा लिएको उखुको मूल्य भुक्तानी नदिएका कारण किसानहरू उखु खेतीको विकल्प खोजिरहेका छन् । चिनीमा आत्मनिर्भर हुन सक्ने पर्याप्त सम्भावना भए तापनि पर्दा पछाडिका फोहोरी खेलहरूले गर्दा देशभित्रका चिनी मिलमा ताला लाग्ने अवस्था आएको छ भने विदेशबाट आयातित चिनी महँगो मूल्यमा खरिद गर्नुपर्ने अवस्थामा उपभोक्ता रहेका छन् । चिनीको बर्सेनिको रडाको मेटाउन किसान, उद्योगी र उपभोक्ता सबैको हित हुने गरी राज्यले नीति निर्माण गर्न आवश्यक छ ।

यसैगरी अहिले पेट्रोलियमको समेत मूल्यवृद्धि भएका कारण सवारी भाडा र ढुवानी भाडासमेत **बाँकी ८ पेजमा**

## प्रकाशमानले समानुपातिक बेचे

काठमाडौं । नेपालका ठूला राजनीतिक दलहरूले उम्मेदवारहरूको छनौटमा मनपरी गरेको कार्यकर्ताहरूको आरोप छ । यस प्रकारको आरोप गठबन्धन दलहरू र एमालेभित्र पनि देखिएको छ । पैसाको आडमा उम्मेदवारहरू सिफारिस र छनौट भएको सर्वत्र गुनासो छ । समानुपातिक र प्रत्यक्ष निर्वाचनमा ठूला दलले फरक फरक

चन्दा भनी करोडौं असुल गरेकोमा पार्टीभित्र असन्तोष देखिएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा नेता प्रकाशमान सिंहले बनेपाकी सरस्वती वैद्यलगायत विवादित समानुपातिक उम्मेदवार सिफारिस गरेको आरोप छ । सिंहले ठूलो रकम चन्दा लिएको बनेपाबासी बताउँछन् । सरस्वती वैद्य, दूर सञ्चारमा कर्मचारी भएको अवस्थामा लोग्नेस्वास्नी मिली बनेपामा टेलिफोन बाइपास अवैद्य सञ्चालन गरेको सम्बन्धमा पक्राउ परी कारबाही चलेको दूर सञ्चारकै कर्मचारी बताउँछन् । **बाँकी ८ पेजमा**

## शक्ति उपासना र दशैंको सान्दर्भिकता

**समय सन्दर्भ**

■ **प्रा.डा. डिल्ली ओली**

खगोल, ज्योतिषि र मौसमअनुसार वर्षमा चारवटा दशैं हुन्छन् । यी शारदीय, हैमन्तिक, वाशन्तिक र ग्रिष्मीय हुन् । शारदीय नवरात्रमा देवी ब्युँझने, हैमन्तिकमा भोजन ग्रहण गर्ने, वाशन्तिकमा सुत्ने र ग्रिष्मीयमा कोल्टे फेर्ने मुहूर्त हुन् । चारवटा दशैंमध्ये शारदीय नवरात्रलाई ठूलो दशैं र ग्रिष्मीयलाई सानो दशैं भनेर सम्वोधन गरिन्छ । नवरात्र (नौवटा रात्र) विभिन्न नौ देवीसँग सम्बन्धित छन् ।

रात्र शब्द तमोगुण हटाउने विषयसँग पनि सम्बन्धित छ । साथै तान्त्रिक उपासना पूजा आदि पनि रात्रसँग जोडिएका छन् । देवीलाई शक्ति मानिएको छ । जस्को विषय कार्य उत्पादन सामर्थ्य वा सृष्टिसँग छ । शक्ति उपासनामा कौलाचार र समयाचार पद्धति हुन्छ । कौलाचार पद्धतिमा पनि पूर्व र उत्तर कौल छन् । यिनमा वस्त्र, उद्योत्रीकोणयुक्त धातुको पाताको प्रतिकको पूजा हुन्छ । दशैं पूजामा पीठको महत्व हुन्छ जो शक्तिसँग जोडिन्छ ।

दशैंलाई विभिन्न नामले संवोधन गरिन्छ । नवरात्र विजयादशमी, बडादशैं, दुर्गा पूजा आदि । सबैतिर दशैंलाई विजयादशमी भनेर संवोधन गरेको पाइन्छ । यो संवोधनले आश्विन शुल्क दशमी एक दिनलाई मात्र बुझाउँछ । यो दिन रामले रावणको वध गरेको दिनको रुपमा मानिन्छ । नवरात्र माथि उल्लेख गरिएको विषयको साथै आश्विन शुक्ल प्रतिपदादेखि नवमीका रात्रसम्मको समय हो । यसमा नौवटा देवीहरू क्रमशः शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुश्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदातृको पूजा आराधना उपासना हुन्छ ।

दशैंका अवसरमा भारतमा रामलीलाको ठूलो महत्व छ । वर्तमानमा यो नेपालमा पनि प्रवेश गरिसकेको छ । दशैंमा बंगालमा कालीपूजा हुन्छ । नेपालमा समष्टिमा देवी दुर्गाको पूजा हुन्छ । नवदुर्गामा महाकाली, महालक्ष्मी र महासरस्वतीको त्रिकोणात्मक उपस्थिति छ । यी तिनैको शक्ति महालक्ष्मीमा हुन्छ । जसलाई दशैंमा दुर्गाको रुपमा पूजा उपासना गरिन्छ । पछिल्लो समय नवदुर्गाबाट विकसित भएको दशमहाविद्या-काली, तारा, त्रिपुरासुन्दरी, भुवनेश्वरी, छिन्नमस्ता, त्रिपुर भैरवी, धुमावती, वंगलामुखी, मातंगी, कमलाको पनि तान्त्रिक पद्यति अनुसार पूजा हुन्छ । दशमहाविद्या, नवदुर्गाको पूर्वरुप अष्टमातृका हुन । नेपालका विभिन्न ठाउँमा कतै अष्टमातृका कहीँ नवदुर्गा र कहीँ दशमहाविद्यालाई भवानी दुर्गाकै रुपमा पुज्ने परम्परा छ । यो नेपाली संस्कृतिको सवल पक्ष हो । यिनका पूजा उपासना विधिमा केही भिन्नता देखिए पनि सबैतिर परम्परागत शास्त्रीय र तान्त्रिक पद्धतिअनुसार नै हुने गर्छन् । यसको पुष्टि नेपालका शक्तिपीठ, कोट, मौला, घरमा हुने अनुष्ठानबाट हुन्छ । ठाउँअनुसार केही सामान्य भिन्नता हुनु स्वभाविकै हो । तिनमा स्थानिय समुदाय, भौगोलिक, सामाजिक र जातीय अवस्था, परम्परा, इतिहास निर्देशन, परिवर्तित परिस्थिति स्थानिय र तात्कालिक कारण प्रमुख छन् ।

नेपाली दशैंमा खस र आदिवासी संस्कृतिको अन्तरमिलन छ र दुवैको संस्कृतिलाई समन्वय गरी विकसित गरिएको छ । यो रुप नवदुर्गामा देख्न सकिन्छ । किनभने कर्णाली क्षेत्रमा बाहुन क्षेत्री, गण्डकी क्षेत्रमा मगर, गुरुङ, भित्री मधेशमा राजी, वोटे, खुना र तराईमा उपस्थिति र प्रमाण हुन्छ शक्तिपीठहरूमा । त्यहाँका मन्दिरमा उनीहरूकै पुजारी हुन्छन् । त्यतिमात्र होइन विभिन्न **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## दुर्गा भवानीले सबैको कल्याण गरून्

वर्षमा एकपल्ट आउने बडादशैं पर्व नेपालीको घर आँगनमा प्रवेश गरिसकेको छ । शक्ति स्वरूपा दुर्गादेवीको नवरात्रभरि पूजा आराधना गरेर दशमीको दिन प्रसादको रूपमा मान्यजनहरूबाट टीका, जमरा लगाई आशिर्वाद ग्रहण गर्ने धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा दशैं पर्व मानिँदै आएको छ । दशैं पर्व सँगै मीठो खाना, राम्रो नानाको सम्बन्ध जोडिएको छ । नयाँ वस्त्र पहिरने र मासुजन्य पदार्थको खानेकुरा बढी मात्रामा उपभोग गरिने पर्वका रूपमा दशैं रहेकाले यस समयमा लत्ताकपडा र खसी, बोका, च्याङ्ग्रा, राँगाको व्यापार अत्यधिक मात्रामा हुने गरेको छ । लामो समयसम्म निष्क्रिय रहेका साना ठूला हाटबजारदेखि ठूलाठूला व्यापारिक मलहरू समेत यस बेला चलायमान हुन्छन् ।

दशैंको बेला आफन्तजनसँगको भेटघाटले बेग्लै उत्साह जगाउने गरेको छ । परदेशिएका छोराछोरी घर फर्कने साइत दशैंमा नै पर्ने गरेको छ । युवापुस्ता बाहिरिएर उजाड बनेका गाउँघरहरू एक हप्ताका लागि भए पनि गुल्जार बन्छन् । घर फर्कनेहरूलाई यातायातको साधन उपलब्ध गराउन यातायात व्यवसायी र एयरलाइन्सहरूले पनि यस बेला राम्रो व्यापार गर्ने अवसरका रूपमा लिने गरेका छन् । स्थलमार्ग र हवाईमार्ग दुवैतर्फका व्यवसायीले यात्रुहरूसँग फुल भाडा असुल गर्ने मौका समेत दशैं हुने गरेको छ । दशैंको बेला सम्पूर्ण क्षेत्रको अर्थतन्त्र गतिशील हुने भएकाले नयाँ उत्पादनको व्यापार प्रबर्द्धन गर्नसमेत व्यापारीहरूले दशैंलाई लक्षित गर्ने गरेका छन् । त्यसैगरी चलचित्र निर्माताहरूदेखि किताब प्रकाशन गर्नेहरूसम्मले दशैंलाई शुभसाइतको रूपमा उपयोग गर्दै आएका छन् । पर्यटन क्षेत्रसमेत दशैंमा फस्टाउने गरेको छ । घुमघामको संस्कृतिमा प्रवेश गरिरहेको नेपाली समाजले दशैं पर्वलाई अवसरको रूपमा उपयोग गर्न थालेको छ ।

आध्यात्मिक, सांस्कृतिक, व्यापारिक सबै दृष्टिकोणले महत्वपूर्ण पर्वका रूपमा रहेको दशैं पर्व पैसा हुनेको लागि उत्सव र अवसर भए पनि गरिब परिवारको लागि बोझका रूपमा समेत आउने गरेको छ । बढ्दो महँगी, चरम बेरोजगारीका कारण आफ्ना छोराछोरीहरूलाई एकसरो नयाँ लुगा फेराउन र एक छाक मीठो मसिनो खुवाउन समेत समस्या पर्ने परिवार पनि थुप्रै छन् । त्यसैगरी पैसा भए पनि खाद्यान्न किन्न नपाइने र सिडिओले तोक लगाएको भरमा ५ किलो चामल मात्र किन्न पाइने ठाउँसमेत हाम्रै देशमा रहेका छन् । गरिब घरपरिवारलाई स्थानीय तहले पहिचान गरी चाडपर्वमा सहयोग गर्ने र खाद्यान्न अभाव भएका ठाउँमा बेलैमा खाद्यान्न सर्वसुलभ पुऱ्याउने दायित्व सरकारले पूरा गर्नैपर्ने हुन्छ । तर सुदूर पश्चिमका पहाडी जिल्लाहरू दैलेख, मुस्ताङ, मनाङ, दार्चुला, हुम्ला लगायतमा खाद्य तथा व्यापार कम्पनीले समयमै चामल ढुवानी नगरेर त्यहाँका जनताको दशैं नै खल्लो बनाइदिएको छ ।

त्यसैगरी दशैं पर्वलाई कतिपयले सांस्कृतिक महत्व विपरीत जुवा तास खेल्ने, मदिरा सेवन गर्ने पर्वका रूपमा अपनाएर यसको धार्मिक र सांस्कृतिक महत्वलाई विकृत बनाउँदै लगेको पाइन्छ । अरूको देखासिखीमा ऋण गरेर तामझामपूर्वक दशैं मनाउने प्रचलन पनि बढ्दैछ । बूढापाकाहरूले पहिला पहिला भन्ने गर्थे– आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाइ' भनेर । त्यसैले दशैं पर्वलाई रचनात्मक रूपमा उपयोग गर्दै यसको धार्मिक सांस्कृतिक पक्ष जोगाउन फजुल खर्च नियन्त्रण गर्नैपर्ने हुन्छ । सम्पूर्ण नेपालीको साझा पर्वको रूपमा दशैं पर्व बन्न सकोस् । दुर्गा माताले सबैको कल्याण गरून् ।

# मेरो उम्मेदवारी सामुदायिक विद्यालयलाई सवल बनाउनका लागि हो



**सुरेन्द्र ढकाल**

शिक्षा, स्वास्थ्य, खानेपानी, ढलनिकास, यातायात संचार र खाद्य सुरक्षा अत्यावश्यक सेवाभित्र पर्दछ । यदि राज्य लोककल्याणकारी हो भने यी सेवाहरूको ग्यारेन्टी राज्यले लिनु पर्दछ । यस्ता सेवाहरूमा निजी क्षेत्रको प्रवेश वा लगानी रोक लगाइएको हुन्छ । तर हामीकहाँ यस्ता सेवाहरू राज्यले ग्यारेन्टी लिनु त परै जावस निजी क्षेत्रलाई खुलारुपमा ब्यापार गर्न दिइएको छ । देश लोककल्याणकारी नभै हुनेखानेको लागि मात्र भएको छ । उदाहरण शिक्षाको लागि नै काफी छ ।

सरकारले आधारभूत शिक्षा निशुल्क भनेको छ । मासिक शुल्क बुझाउन नपरे पनि, परीक्षा, खेलकुद, पुस्तकालय आदि विभिन्न शीर्षकमा लिने शुल्कले गरिब जनताको ढाड भाँचेको छ । तीनै तहका सरकार मूकदर्शक भएर बसेको छ । धनीहरूका छोराछोरीहरूलाई विदेशमा पढन पठाउने छुट सरकारले दिएको छ । उच्च मध्यम र मध्यम वर्गका जनताहरू आआफना छोराछोरीलाई सगर्व उच्च शुल्क तिरेर निजी विद्यालयमा पढाउँछन् । सरकारी सामुदायिक विद्यालयमा फगत गरिबका बालबालिकाहरू पढ्छन जसले न त विद्यालय पोसाक, न जुत्ता, न झोला, न पुस्तक, केही पनि किन्न सक्ने हिम्मत राख्दैनन । न त यस्ता विद्यालयहरू सुविधा सम्पन्न नै छन् । झन त्यसमाथि खतराको कुरा के छ भने सरकारी सामुदायिक विद्यालयमा पढाउने शिक्षकहरू विभिन्न राजनीतिक दलहरूको झोला बोकी पढाउने भन्दा पनि राजनीति गर्ने गर्दछन । जस्को फलस्वरुप एसईई जस्तो परीक्षामा निजी विद्यालयका ८० प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा सामुदायिक विद्यालयको भागमा २० प्रतिशत बल्ल बल्ल पुग्न खोज्छ । निजी विद्यालयमा पढनेका छोराछोरीका गन्तब्य भनेको ढिलो वा चाँडो विदेश नै हो । उनीहरू नेपाल फर्के भने पनि पर्यटकको रुपमा फर्कलान्, भोलि देश हाँक्ने भनेको त त्यही सामुदायिक विद्यालयबाट गएकाहरूले नै हो ।

गुणस्तरीय शिक्षा नपाएका यस्ता विद्यार्थीले कालान्तरमा हाँकेको देशले समृद्धि हासिल गर्न सक्छ ? विकाशको प्रतिष्पर्धामा देशलाई अघि बढाउन सक्छ ? अवश्यै सक्तैन । तसर्थ साँच्चै सरकारी सामुदायिक विद्यालयको अगाडि गुणस्तरमा निजी विद्यालयहरू टिक्नै नसक्ने बनाउने हो भने निम्न कार्यहरू राज्यले तुरुन्त गर्न पर्दछ ।







१) निजी विद्यालयहरूको आय, ब्यय, सम्पति र बढेको सम्पतिमा उच्च कर लगाउनु पर्दछ । यसको लागि यस्ता विद्यालयहरूलाई शुल्क निर्धारण गर्ने पूर्ण छुट दिनु पर्दछ किनकी जति शुल्क उच्च हुन्छ उति राज्यले त्यसबाट कर बढी प्राप्त गर्दछ । यसरी प्राप्त करबाट उठेको रकम पूर्णरुपमा राज्यले अरुतिर खर्च नगरी सरकारी सामुदायिक विद्यालयहरूमा शतप्रतिशत निशुल्क शिक्षा, त्यस्ता विद्यालयहरूको भौतिक र शैक्षिक स्तर उन्नति, शिक्षकहरूको प्रशिक्षण, तलव भत्ता र अन्य सामाजिक सुरक्षामा खर्च गर्नु पर्दछ ।

२) राजनीतिकर्मी, सरकारी कर्मचारी, सैनिक, प्रहरी र सामुदायिक विद्यालयका शिक्षकहरूले आआफना छोराछोरीहरूलाई अनिवार्य रुपले सामुदायिक विद्यालयहरूमै पढाउनुपर्ने र राज्यबाट दिने सबै किसिमका छात्रवृत्ति र प्रोत्साहन यस्ता विद्यार्थीहरूलाई मात्रै दिने कानुनी ब्यवस्था गर्नु पर्दछ ।

३) शिक्षकहरूलाई राजनीतिमा संलग्न गराउने प्रवृत्तिलाई कानुनी रुपमा पुरै बन्द गरिनु पर्दछ । उनीहरू राजनीति गर्न चाहन्छन् भने शिक्षक पेसा छोड्नैपर्ने बाध्यकारी ब्यवस्था गर्नु पर्दछ र वहालवाला शिक्षक राजनीतिक कार्यक्रममा भाग लिएमा यस्ता शिक्षकहरूको जागिर तुरन्त चट गरी यथोचित कानुनी कारवाही गर्नु पर्दछ ।

४) धनिवर्गले आफ्ना छोराछोरीहरूलाई विदेशमा पढन पठाउन जान चाहन्छन् भने राज्यले विदेशी मुद्राको सुविधा बन्द गर्नुपर्दछ, यदि दिन्छ नै भने नोअब्जेक्सन पत्र जारी गर्दा त्यस्ता विद्यार्थीहरूको अभिभावकहरूबाट उच्च शुल्क असुल्न पर्दछ ।

५) हरेक सामुदायिक विद्यालयले स्थानीय र राज्यको आवश्यकता हेरि आफ्नो विद्यार्थीहरूका लागि मध्यम स्तरीय व्यावसायिक वा प्राविधिक गुण स्तरीय प्रशिक्षण विद्यालयमै दिने ब्यवस्था गर्नुपर्दछ र त्यसको आधारमा राज्यले यस्ता विद्यार्थीहरू प्रशिक्षणपश्चात् स्वतः स्वरोजगार हुने ब्यवस्था मिलाई स्थानीय स्तरमै उत्पादन र सेवाको वृद्धि गर्नु पर्दछ ।

आगामी निर्वाचनमा मेरो उम्मेदवारी माथि भनिएका ५ कुरा लागू गर्न सरकारलाई बाध्य पार्नको लागि हो । जुन कुरा देशको जनशक्ति विकाश र समृद्धिसँगै सिधै जोडिएको छ । तसर्थ हँसिया तारा चुनाव चिन्हमा मतदान गरौं, सरकारी सामुदायिक विद्यालयहरूलाई जर्मनीको जस्तै सवल बनाऔं ।

# विश्वविद्यालयहरुलाई राजनीतिकरण गरिनुहुन्न



**गोविन्द विक**

गोविन्द विक

विश्वविद्यालयभित्रको अस्तव्यस्तताले उच्चशिक्षा अध्ययन गर्ने लाखौं विद्यार्थीहरूको भविष्य अलमलमा पर्दैछ । न नतिजा समयमा आउछ न पढाइ राम्ररी हुन्छ न विद्यार्थीमैत्री वातावरण हुन्छ । विश्वविद्यालयमा विद्यार्थीहरू पढन भन्दा पनि नेता बन्नका लागि आउने जस्तो देखिन थालेको छ । विभिन्न दलका भातृ संस्थाहरूको दादागिरी विश्वविद्यालयमा छाताछुल्ल छ ।

उच्च शिक्षा हासिल गर्नका लागि दुःख गरेर छोराछोरीलाई शहरमा पढन पठाउने अभिभावकहरूको सपनालाई उच्च शिक्षा अध्ययन केन्द्रमा भएको राजनीति आग्रह पूर्वाग्रहले अध्ययनलाई विथोलिरहेको छ । सरकारको नेतृत्व गर्नेहरूले विश्वविद्यालयभित्र भएको राजनितिलाई बेवास्ता गर्ने क्रम पनि त्यत्तिकै छँदैछ । विश्वविद्यालयहरू विद्यार्थी राजनीतिको अखडा बनिरहेकोप्रति मूल राजनीतिक दलहरू मूकदर्शक बन्नु निकै दुखद विषय बनिरहेको छ ।

विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्ने कुनै पनि राजनीतिक दलको सोच र योजना छैन । गाउँगाउँबाट डिग्री हासिल गर्ने विश्वविद्यालयमा लागेको भीड आज उच्छृङखल समूहमा परिणत हुनु शिक्षा क्षेत्रकै लज्जास्पद विषय हो । विश्वविद्यालय उच्च शिक्षा हासिल गर्ने थलो हो भनेर जान्दाजान्दै राजनीतिक दलहरूले विद्यार्थी संगठनका भातृ संस्था खोलेर दलविशेषको शक्ति प्रर्दशनको हतियार विद्यार्थीहरूलाई बनाइरहेको कसैलाई पत्तो नै छैन । अहिलेका पाका नेताहरू सबै विद्यार्थी राजनीतिबाट नै उदाएका हुन् भन्ने गरिन्छ ।

समय सधैं एकैनास हुँदैन । विश्वविद्यालयमा राजनीति गरेको भएर नै नेता बन्न पाइन्छ भन्ने कुनै आधार नै छैन । विश्वविद्यालय आज चरम राजनीतिले जकडिएको छ । समयमा नतिजा निकाल्ने समयमा सेमेस्टर सक्ने खोजमूलक अनुसन्धानमूलक अध्ययनका नयाँ नयाँ विधि र आयामहरूको विकासमा छलफल गर्ने वहस गर्ने विश्व परिवेशमा नेपाली शिक्षालाई जोडने आधारको बारेमा




विश्वविद्यालयका प्रध्यापक तथा उच्च शिक्षामा आवद्ध विद्यार्थीको ध्यान हुनुपर्ने विद्यार्थीले तालाबन्दी गर्ने विद्यार्थीले प्रध्यापक कुटने प्रध्यापकले प्रश्नपत्र कपी परीक्षण लगायतका विषयमा लापरवही गर्ने लगायतका बेथितीहरू विश्वविद्यालयमा मौलाउनु गम्भीर विषय हो ।

विश्वविद्यालयमा राजनीतिको अभ्यास नै बन्द गर्नु र गरिनु पर्दछ । कुनै पनि दलविशेषको भातृ संस्था विश्वविद्यालयमा खोल्नु र खोल्ने प्रावधान तत्काल हटाउनु पर्दछ । विश्वविद्यामा पढने हैन नेता बन्ने हो भन्ने भावनाले प्रमुखता पाउँदा विश्वविद्यालयमा अध्ययन गरेका जनशक्तिहरू विश्व बजारमा बिक्न सकिरहेका छैनन । नेताको अभ्यास गर्न सिधै राजनीतिमा लाग्ने तर विश्वविद्यालयभन्दा बाहिर गएर, तब मात्र विश्वविद्यालय उच्च शिक्षा हासिल गर्ने पवित्र थलो बन्न सक्छ । कुनै प्रध्यापकले विश्वविद्यालयभित्र कुनै विद्यार्थीको खुट्टामा झुक्किएर ठेस लाग्नपुगेछ भने भोलिपल्टदेखि त्यो प्राध्यापकलाई बरखास्ती गर भनेर तालाबन्दी सुरु हुन्छ । यो कस्तो राजनीति हो ? कुन संस्कारले हामीलाई मार्गनिर्देश गर्दैछ ? गुरुलाई चेलाले पिटने । कस्तो अधिकार स्थापित गर्न खोज्दैछौं हामी अध्ययन गर्ने थलोलाई अस्तव्यस्त बनाएर ?

विश्वविद्यालयलाई राजनीतिको अखडा बनाएर एकअर्कामा आग्रहपूर्वाग्रह साध्ने अभ्यास कुन विद्यार्थी अधिकारमा पर्छ ? विश्वविद्यालयमा विद्यार्थीको समस्या बुझ्न विद्यार्थीको अधिकार संरक्षण गर्न विश्वविद्यालयमा सुशासन कायम गर्न कुनै राजनीतिक दलका भातृ संस्थाहरूको आवश्यक पर्दैन । विश्वविद्यालयभित्रको सुशासनको नियमन तथा अनुगनम गर्ने सरकारको सम्बन्धित निकायले गर्छ र गर्नुपर्छ । विद्यार्थीको हकअधिकारको लागि विद्यार्थी संगठन खोलिएको भनिए तापनि विश्वविद्यालयमा भएका दलका भातृ संगठनहरूले विद्यार्थीको अधिकारको लागि काम गरेको उदाहरण निकै कम छ । विद्यार्थीको समस्याभन्दा कुन दलको भातृ संस्थाले के गऱ्यो ? आफ्नो भन्दा फरक विचार राख्ने दलका भातृसंस्थाहरूलाई कसरी निषेध गर्ने ? भन्ने धाउन्नमा दलका भातृ संस्थाहरू छन् । जसले गर्दा विद्यार्थीहरूको भविष्य अन्योलमा धकेलिइरहेको छ ।

वर्षौंसम्म नतिजाको कुराइमा विद्यार्थीहरू बस्नुपर्ने बाध्यताको अन्त्य कहिले हुन्छ ? विश्वविद्यालयका समयमा वाक्यालेन्डर अनुसार नतिजा आउने पढाइ हुने दिन विश्वविद्यालयमा कहिलै आउँछ ? दलगत स्वार्थका भातृ संस्थाहरूको दलदलमा विश्वविद्यालयलाई जाकेपछि त्यसबाट उत्पादन भएको जनशक्ति विश्व बजारमा कसरी बिक्न सक्छ ? दुनिया आज शिक्षाको गतिमा हामीभन्दा कयौ गुणा अगाडि गइसकेको छ । सरकारको नेतृत्व गर्नेहरूमा नै नैतिकता मरिसकेको भएर पनि कुशासनले तिब्रता पाइरहेको हो । विश्वविद्यालयलाई अराजकताको चोक बनाएर प्रध्यापकलाई पिटेर तालाबन्दी गरेर कसरी विद्यार्थीको हितमा हुन्छ ? चाहे त्यो कुनै दलका भातृ संस्थाका नेता कार्यकर्ताहरूले गरुन या कुनै संगठनले गरुन् विद्यार्थीको हितमा कहिलै हुँदैन । विश्वविद्यालयको गुणस्तर पनि यी र यस्तै वेथितीहरूका कारण खस्कदै गइरहेको छ । मास्टर सकेको व्यक्तिले सहज रुपमा रोजगारीको प्रतिस्पर्धामा उत्रिन निकै कठिन हुँदै जाँदैछ आज । वर्तमान परिवेशबाट पनि सहजै अनुमान गर्न सकिन्छ कि विश्वविद्यालयको उत्पादनले रोजगारीको प्रतिस्पर्धामा कति अगाडि छ भनेर । त्यसैले विश्वविद्यालयलाई राजनीतिकरण हुन नदिई छुट्टै स्वतन्त्र राख्न सकियो भने पक्कै पनि विश्वविद्यालयभित्र मौलाउँदै गएको वेथितीको न्यूनिकरण गर्न केही सहज हुन सक्छ ।

# मैले देखेको २२२ औं विश्व महत्वको स्थल

## प्रजग कोरियाको हाइअर पार्टी विद्यालय र बाल नृत्य संगीत एकेडेमी

सुरेन्द्र ढकाल



व्याक्सायिक तालिम लिंदै कोरियाली युवाहरू



व्याक्सायिक तालिम लिंदै कोरियाली युवतीहरू



नृत्य एकेडेमीबाट तालिम प्राप्त बालबालिका



सैनिक शिक्षा लिंदै कोरियाली युवाहरू



पार्टी विद्यालयमा दिक्षान्तको लागि तयार प्रशिक्षित युवाहरू



संगीतको कक्षा लिंदै बालबालिकाहरू

७ अगष्ट २०१९ का दिन कीम इल सुङ स्मारक अवलोकन गरेपछि हामीलाई कोरियाली वर्कस पार्टीको स्कुल अवलोकन गराउन लगियो ।

कोरियाली वर्कर्स पार्टी आफैंले संचालन गरेको यस विद्यालय जस्को कीम इल सुङ हाइअर पार्टी स्कुल भनेर नामाकरण भएको रहेछ त्यसको हातामा अगष्ट ८ तारिखका बिहान ११ बजे हामीलाई त्यहाँका पदाधीकारीहरूले स्वागत गर्नुभएको थियो ।

एक घण्टाको त्यस स्कुलको वसाइमा हामीले कोरियाली शिक्षा प्रणालीबारे प्रारम्भिक र त्यस स्कुलबारे विशेष जानकारी लियौं । प्रजग कोरियामा द्वैध शिक्षा प्रणाली रहेको हामीलाई बताइयो । जसनुरुप सामान्य शिक्षा र ब्यवशायिक शिक्षा समानान्तर किसिमले दिइदो रहेछ । जस्ले गर्दा शिक्षा प्राप्त गरेपछि रोजगारको ग्यारेन्टी हुदो रहेछ । यही कारणले होला कोरियामा कोही पनि वेरोजगार नभएको हामीलाई बताइएको थियो । सामान्य शिक्षा र ब्यवशायीक शिक्षा हासिल गरे पश्चात सैनिक शिक्षा सबै कोरियाली नागरिकको लागि अनिवार्य रहेछ र हरेक नागरिकले आत्म रक्षा गर्न सकेमात्र उसले आफनो समुदाय र देशको रक्षा गर्न सक्छ भन्ने सिध्दान्त अनुरुप सैनिक शिक्षा दिइदो रहेछ । कोरियाली जनताका नेता जनरल किम जोंग इलले सैनिक प्रथम (सोन्गुन) नीति प्रतिपादन गरी लागु गरे अनुरुप सो नीतिलाई ब्यवहारिक रुपमा लागु गर्न सैनिक शिक्षा अनिवार्य गरिएको रहेछ । पहिलो चरणमा सामान्य तथा ब्यवशायीक शिक्षा, दोश्रो चरणमा सैनिक शिक्षा र तेश्रो चरण जुंच्छे विचाराधारात्मक शिक्षा दिइसकेपछि मात्र हरेक कोरियाली नेता, कार्यकर्त्ता तथा नागरिकहरूलाई सरकारी पद, वर्कर्स पार्टीका पदहरूमा पदस्थापन वा अन्य क्षेत्रमा रोजगारमा लगाइदो रहेछ । विभिन्न तहमा त्यही जुंच्छे विचारधारात्मक प्रशिक्षण कोरियाली नागरिक लाई दिलाउन यस कीमइल सुंग हाइअर पार्टी स्कूलमा राम्ररी छनौट गरी ल्याइदो रहेछ ।

वार्षिक १२०० जनालाई विभिन्न स्तर र तहमा प्रशिक्षण दिइने यस विद्यालयको जुन १ १९४६ मा स्थापना भएको रहेछ । यो यति महत्वपूर्ण स्कूल रहेछ की सर्वोच्च नेता कीम इल सुंग, जनरल कीम जोंग इल र हालका सर्वोच्च नेता कमरेड कीम जोंग उनले समेत यस विद्यालयमा आई बेलाबखत आवश्यक निर्देशनहरू दिने गर्दा रहेछन् । यही कारणले गर्दा पनि होला स्कूल ज्यादै ब्यवस्थित रुपमा संचालन भएको हामीले महसुस गर्‍यौ । वसाइका क्रमम हामीले त्यस विद्यालयले कोरियाली नागरिकको लागि मात्रै प्रशिक्षण दिन्छ वा विदेशी नागरिक पनि दिन्छ भनेर सोधेका थियौं ।

उत्तर दिने क्रममा जुंच्छे विचारधारा प्रवर्द्धन गर्ने केन्द्रहरू विश्वका विभिन्न देशहरूमा क्रियाशील रहेको हुंदा त्यस्ता केन्द्र तथा वर्कर्स पार्टीसंग पार्टीगत संवन्ध भएका विश्वका अरु देशमा दलहरूले आग्रह गरेमा विदेशीहरूको लागि पनि प्रशिक्षण दिने गरिएको हामीलाइ बताइयो । त्यसै दिनको ४:३० वजे हामीलाई मांगयोंगदे वालवालिका एकेडेमीमा पनि लगिएको थियो । जहा वालवालिकाहरूलाई नियमित विद्यालय शिक्षा पश्चात एरोविक, नृत्य, संगीत, इमब्राइडरी तथा पेन्टिंग सवन्धी प्रशिक्षण दिइदो रहेछ । यस विद्यालयमा आउने १६ वर्ष सम्मका वालवालिकाहरू माथि भनिएको विधाहरू मध्ये एकमा पारंगत भएर निस्किदा रहेछन् ।

उक्त अवसरमा हामीले त्यहा वालवालीकाले प्रस्तुत गरेका सास्कृतिक कार्यक्रमको अतिरिक्त संचालन भइरहेको हरेक कक्षापनि अवलोकन गर्‍यौ । उक्त दुवै विद्यालयहरू अवलोकन गरी जानकारी हासिल गरेपश्चात कोरियामा कसरी हरेक वालवालीका देखि उच्च स्तरका ब्यक्तित्वहरू कसरी प्रशिक्षित गरिदो रहेछ भन्ने हामीले प्रत्यक्ष अनुभव गर्‍यौ । मेरो विश्व भ्रमण क्रममा मैले यस्तो शिक्षा प्रणाली भएको देश विरलै देखेको थिए ।

कथा

# मायाको परिभाषा

शारदा पौडेल

मङ्सिर महिनाको घमाइलो दिन थियो। चारैतिरको कुहिरो फारेर घाम लागे पनि मेरो मनमा डम्म बादल लागेको थियो। जति मनलाई सम्झाउन खोजे पनि फिटिक्कै सम्झाउन सकेकी थिइन।

छोराछोरीलाई भनौं भने उनीहरूलाई मामाघर कहाँ हो ? मामा कतिजना छन् र कस्ता छन् भन्ने थाहासम्म थिएन। बुढासँग भनौं भने उहाँलाई अतित कोट्याएर दुखी बनाउनु शिवाय केही हुँदैनथ्यो।

के गरुँ, कसो गरुँ ? दोधारमा परिरहेँ। मनलाई एउटा निचोडमा पुऱ्याउन खोज्थेँ तर सक्दैनथेँ। अघिसम्मका पहारिला घाम पनि हराउँदै गए। बिस्तारै चिसो हावा चल्न थाल्यो। त्यो चिसो हावाको झुक्काले बरु मलाई एकाएक गर्मी बनायो। औडाहा भएर आयो। झनै दिमागले काम गर्नै छाड्यो।

यस्तो जाडोमा यहाँ बसेर के गर्छौ ? खुरुक्क कोठामा हिँड।अहिले बिरामी भइन्छ भन्दै उहाँ आउनु भयो। म केही बोलिन र सरासर उहाँको अघिअघि लागेँ।

सोचेँ कति महान हुनुहुन्छ हजुर। मलाई माइतीले लत्याउँदा झैं हजुरले पनि लत्याएको भए म आज कहाँ र कसोरी बस्ने थिएँ होला। एकोहोरो उहाँलाई हेरिरहन मन लाग्यो। कुनै दिन तेरा माइती यस्ता तँ यस्ती भनेर सुनाउनु भएन। माइतीको रीस मलाई फेरिदिएको भएपनि आखिर मैले सहनै पर्ने थियो। सोच्दै थिएँ, आँखा रसाए, मुटुमा गाँठो पर्यो। डाँको छाडेर रुन मन लाग्यो।

मेरो स्थितिलाई उहाँले नजिकबाट नियालिरहनु भएको थियो। मेरो अवस्थाले दुखी हुँदै भन्नूभयो – के भयो कालू ?

म बोल्न सक्ने अवस्थामा थिइन। मभित्र मत्थिएका कुराहरूलाई मनरुपी मदानीले कुनै ठेगानामा पुऱ्याउन सके कै थिएन। मैले ढिलोचाँडो भन्नैपर्छ सोचेँ र भने -- दाइले छोरीको बिहेमा निम्तो गरेका रहेछन्। जान मन छैन। नजाँदा पनि भएन। भोलि छोराछोरीलाई मावली त रहेछन् भन्ने जानकारी पनि त दिनु छ – मैले भनेँ।

मेरा कुराले अतित सम्झेर म माथि नै रीस पोख्नुहुन्छ कि झैं लागेको थियो। मेरो मलिन अनुहार र डरले कापेको शरीरलाई झन मुसार्दै उहाँले भन्नू भयो -- तिमीलाई जान मन लागेको छ ?

मनै त होइन तर पनि गए राम्रो हुन्थ्यो कि सोचेर मात्रै।

तिमीलाई त्यस्तै लाग्छ भने जाऊ नत। कस्तो व्यवहार गर्दा रहेछन् थाहा हुन्छ।

मैले सहमतिमा टाउको हल्लाएँ।

कुरा करिव एक्काइस वर्ष अगाडिको हो। उहाँ मेरो विद्यालयमा विज्ञान शिक्षकको रुपमा पठाउन आउनु भएको थियो। म त्यतिबेला नौ कक्षामा पढ्दै थिएँ। उहाँको घर धेरै टाढा हुनाले हाम्रो घरको नजिकै कोठा लिएर बस्नुभएको थियो। म पढ्न केही चलाख भएपनि विज्ञान विषय अलिक कठिन लाग्थ्यो। उहाँ घर नजिकै बस्ने हुनाले म लगायत केही साथीहरू भएर ट्युसन पढ्न जान्थ्यौं। केही समयपछि वार्षिक परीक्षा आयो। म नौ कक्षामा राम्रो अंक ल्याएर उतिर्ण भएँ। म राम्रो अंक ल्याएर पास भएकोमा मभन्दा उहाँ धेरै खुशी हुनुभएको थियो।

म पढ्न जाने र उहाँपनि हाम्रो घरमा आइरहने हुनाले बोलचाल बाक्लै हुनथाल्यो। म उहाँको बानी व्यवहार देखेर बिस्तारै प्रभावित हुन थालेँ। उहाँले पनि मलाई अति माया गर्न थाल्नुभयो। हाम्रो मायाको बिरुवा झाँङगिदै गयो। विद्यालयले लिने प्रवेशिका ल्याकत परीक्षा पनि आयो। विज्ञान पढ्ने निहुँमा उहाँको कोठामा जान थालेँ। यो मनले खाली उहाँलाई नै देख्न खोज्थ्यो भने उहाँले पनि मेरै पाइला पछ्याउँदै आउनुहुन्थ्यो। हामी एकआपसमा छुट्न नसक्ने अवस्थामा पुग्यौं। प्रवेशिका ल्याकत परीक्षा पनि आयो र दिएँ पनि। जे होस् राम्रोसँग उतिर्ण गरेँ।

एस एल सी को लागि म घरबाट केही टाढा गएर पढ्न थालेँ। शहरमा गएर पढ्दा पनि उहाँ लगातार उतै आएर भेट्न थाल्नुभयो। हाम्रो मायालाई गुपचुप राखी परीक्षा सकिएपछि बिहेमा परिणत गर्ने योजना बनाउँदै थियौं। नयाँ सपना बुनेर सुन्दर भविष्यको सुनौला कल्पनामा डुब्थ्यौं। मेरो जीवन नै उहाँ हो जस्तो लाग्थ्यो। उहाँ विना बाँच्नुको अर्थै देख्दैनथेँ। पढ्न बसे पनि शब्द शब्दमा उहाँका भनाइ र तस्वीर मेरा आँखा वरिपरि घुमिरहन्थे। एकप्रकारले पढाइभन्दा पनि झनै महत्त्वपूर्ण उहाँ नै हो जस्तो लाग्थ्यो।

हाम्रो झाँङगिएको माया बिस्तारै सबैले थाहा पाउन थाले। सकभर मलाई उहाँबाट छुटाउन खोज्दै थिए। म पाँच जना दाजुभाइकी कान्छी बहिनी थिएँ। तँलाई हामीले जस्तो भन्छेस् त्यस्तै ठाउँमा दिन्छौं,त्यसलाई छाडी दे भनेर दवाव दिन थाले। मैले यो कुरा स्वीकार्न सकिन। किनकि यो मेरो प्रेम नै जीवन थियो मन र धड्कन् थियो। मलाई माया मानेको देखाउन मेरो साइँलो दाजुले उहाँलाई बेसरी गाली गर्नुभयो र चिर्पटे दाउराले टाउकै टाउकोमा हान्नुभयो। उहाँ बेहोस् भएर भुइँमा ढल्नुभयो। भुइँमा ढलेको देखेपछि मलाई घिच्याउँदै दाइ त्यहाँबाट भाग्न खोज्नुभयो। तर म जान मानिन। उहाँलाई टाउकोमा गहिरो चोट लागेको थियो र रगतका धारा छुटिरहेका थिए। मैले यो अवस्था हेरिरहन सकिन र विद्रोह स्वरुप तत्कालै उहाँसँगै जाने निर्णय सुनाएँर हिँडेँ।

दाइ रीसले मुर्मुरिँदै मलाई गाली गर्नुभयो र माइती भनेर आए मारिदिने धम्की समेत दिनुभयो। त्यतिमात्र होइन बाबू आमा र अरु दाजुहरूका लागि पनि म मरेको घोषणा गर्नुभयो। मलाई दाइका धम्कीले केही पीडा दिएको थिएन जति पीडा उहाँलाई दिएको सजायले दिएको थियो। त्यो सजायको भागिदार म न थिएँ। उहाँसँग प्रेम मैले गरेकी थिएँ। यदि कसैसँग सच्चा प्रेम गर्नु गल्ती थियो भने त्यो सजाय मैले भोग्नु पर्ने थियो। तर यहाँ त्यो सजायको भागिदार उहाँ बन्नुभयो जसले गर्दा झन् मैले साथ छोड्न चाहिन र छोडिन पनि।

हामी काठमाडौं छिर्यौं। टाउकाको चोट निको हुन केही समय लागे पनि दिलको चोट निको हुन सकेन। पशुपतिनाथलाई साक्षी राख्दै जिन्दगीमा जस्तो आपत परेपनि साथ नछाड्ने कसम खायौं र विभिन्न कठिनाईका साथ सुनौलो भविष्य तर्फ अग्रसर भई नै रह्यौं। केही वर्षमा हाम्रो मायाको चिनो छोरो जन्मियो। बाबुको जन्मसँगै बाबू आमालाई देख्न मन लागेर आयो। त्यसैले खबर पठाएँ तर प्रतिउत्तरमा उहाँहरूले म मरिसकेको खबर पठाउनुभयो।

दिन बित्दै गए। बाबुपछि अरु थप सन्तान जन्मिए। यतिबेलासम्म माइती पक्षको कुनै देखावटी माया पनि पाएकी थिइन। यसैबीचमा दाजुहरूको बिहे भयो। म बाहेक सबै इष्टमित्र बोलाइए। मलाई केही दुः ख लागेन ।ठिकै छ भनेँ उहाँको र बाबुनानीको मुख हेरेर चित्त बुझाएँ।

दिन बित्दै गए। आज मैले बिहे गरेको पनि एक्काइसौं वर्ष लागि सक्यो। बुबा आमालाई देख्न त परै जावोस् बोली सुन्नबाट पनि दाजुभाइले मनाही गरिरहे। अहिले उनीहरू सबैका सन्तान जन्मिसकेका छन्। उनीहरूलाई सन्तानको माया कस्तो हुँदो रहेछ भनेर थाहा भइसकेको छ ।दुई दाजुभाइ विदेश छन्। जहाँ उनीहरूले पनि बाहिरी संसारलाई बुझेका होलान् संसारलाई हेर्ने सोच फेरेका होलान् तर मलाई हेर्ने सोच अहिलेसम्म फेर्न सकेनन्।

कहिलेकाहीँ यसरी अतित सम्झिन मन लाग्छ। माया भनेको यही हो ? आफैंमा प्रश्न गर्छु। आफ्नो सन्तानले बुबा आमाको मुख मात्र देख्छु भन्दापनि देख्न नपाउने कस्तो परिबन्ध। आज तिनै दाइकी छोरीको बिहे हो जस्ले बुबाको अन्तिम घडी हुँदा पनि मलाई बुबाको मुख हेर्नबाट सदाका लागि बन्चित गराए।

आज दाइले छोरीको रोजाइमा आफूभन्दा अर्को जातको केटालाई हात थमाउँदै छन्। छोरीको रोजाइ ठिक लाग्ने दाइलाई मेरो रोजाइ किन ठिक लागेन ? त्यतिबेलाको समयमा ठिक लागेन भनेपनि एक्काइस वर्षसम्म के सोचिरहे ? उनले पनि छोरीबाट जीवनमा पक्कै केही भरोसा त राखे कै होलान् ? आफ्नी छोरीको जात रोजाइलाई सहज रुपमा स्वीकार्ने दाइले मेरो आफ्नै जात खानदान सबै मिल्नेलाई किन स्वीकार गरेनन् ? छोरी पनि सन्तान हुन् भन्ने सोच भएका दाइहरूले म पनि तिनीहरू जन्मे कै कोखबाट जन्मेकी सन्तान हुँ भन्ने किन ठानेनन् ? बाबाको अन्तिम अवस्थामा मुख हेर्न इच्छा व्यक्त गर्दा पनि किन दिएनन् ?

किन गरे आफ्ना छोराछोरी र बहिनीमा फरक ? दाइकी छोरीले रोज्न पाउँदा मलाई रोज्ने अधिकार किन दिइएन ? के आफ्ना कोखबाट जन्मेका मात्रै सन्तान हुन त ? म पनि मेरा बाबू आमाको कोखबाट जन्मृकी सन्तान हुँ भन्ने किन सोचेनन्। मलाई त्यहाँ गएर एकछाक खाने र एउटा टालो लगाउने आशा थिएन। एकछाकले सधैंको भोक टर्दैनथ्यो र टालोले जीवनभर धान्दैनथ्यो। तर त्यो बेलाको परिस्थिति जे भए पनि सबै बिर्सेर किन बहिनी र भान्जाभान्जी भन्न सकेनन् ?

आज म यही विद्रोहको भाव बोकेर बिहेको निम्तोमा जाँदछु। सबै दाजुभाइलाई एकै ठाउँमा राखेर सोध्नेछु – माया भन्नू आफ्नो रगतको नाता टुटाउनु, लत्याउनु हो या के हो ? दिनुहोस् मलाई मायाको परिभाषा ???

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ- ७

✍ डा. खेम कोइराला बन्धु

बनी ! जगदीश समशेर राणाले नेपाल छाडेर भारतको सिमला शैलवासमा बस्न रोजे जगदीशले। त्यहाँ गएर उनलाई 'तपःस्वाध्याय निरतम्' को मौका प्राप्त भयो र अध्ययनको सीमा विस्तारित भयो। समालोचनाका सिद्धान्तसम्बन्धी लेखहरू त्यसै बेला लेखेका हुन्। त्यहीँ लामो समय बिताएर उनले आधुनिक महाकाव्यको रूपमा नरसिंह अवतार जस्तो विशिष्ट काव्य लेखे। जसमा २०३७ सालको मदन पुरस्कार प्राप्त। अत्यन्त विशिष्ट कृति यो।

२०४६ सालमा संसदीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि जगदीश समशेर राणा, नेपाल फर्किए। २०५० सालदेखि २०५६ सम्म राणा, राष्ट्रियसभाका सांसद।

राणाको रुचि र अध्ययन, संस्कृति, सङ्गीत र कलाको क्षेत्रमा पनि। उनको लेख र काव्यमा यी दुवै विधाको प्रभाव र प्रयोग प्रचुर।

जगदीश समशेर को 'सेतो ख्याक'को आख्यान नौलो प्रस्तुति। यो कृति गद्य आख्यान मै नवीनतम प्रयोग पनि हो। भाषा, शैली, प्रस्तुति, सिद्धान्त र दर्शनको दृष्टिले अद्वितीय यो 'आख्यान' आधुनिक साहित्यको क्षेत्रमा उदाएको। विश्वका या सबै कालका नयाँ आविष्कार जस्तै, पढ्न, बुझ्न र पचाउन सजिलो नभए पनि राणाको यो कृति साहित्यिक क्षितिजमा नयाँ आयाम थप्यो।

आज व्यापक रूपमा इसाइहरू र तिनीहरूबाट उचालिएकाहरू पृथ्वीनारायणको नेपाल एकीकरणको विरोध गर्छन् तर त्यसबेलाको अवस्थालाई सेतो ख्याकले चित्रण गरेको छ –

खाल्टोको घेराभित्र–

'यो उहिलेको काठमाण्डूका आखिरी मल्ल राजा जयप्रकाश मल्लका अन्तिम वर्षको आख्यान हो। त्यतिबेला, नेपाल मण्डल, तीन राज्य-काठमाण्डू, पाटन र भक्तपुरमा विभाजित थियो। एकै वंशका भए पनि, यी राज्यका राजाहरूमा ठाक्कठुक्क झगडा भइ नै रहन्थ्यो। मेल थिएन। केही वर्षअघि, आफ्नै दरबार र परिवारभित्रको षड्यन्त्रमा परेर, राजा जयप्रकाश मल्लले चार वर्षसम्म यसै उपत्यकामा लुकी लुकी भागी भागी बसेर फेरि आफ्नो गद्दी फर्काएका थिए। राजा, दरबार फर्किएपछि राजाका नाठा, षड्यन्त्रकारीहरू मारिएर र रानीहरूले आफ्नो पाप लुकाउन आत्महत्या गर्न थालेपछि दरबारको वातावरणमा नै हिंसा को उगाल र त्रासको ऐठन छाएको थियो। पाटनमा त राजा नै त्यहाँका प्रधानहरूको मुठ्ठीभित्र थिए। राजाको आँखा




फोरिदिने देखि गोरखाली राजाका भाइलाई बोलाएर केही समय गद्दीमा राख्नेसम्म नादानी गर्नमा भारदारहरू हिचकिचाउँदैनथे। भक्तपुरका राजाले आफ्नो बचाउको लागि, गोरखाली राजा पृथ्वीनारायण शाहसँग आफ्नो छोराको मितेरी लगाएका थिए। गोरखालीहरूको आँखा काठमाण्डू खाल्टोमाथि थियो। काँठ कछाडतिरका कतिपय गाउँमा रातरातै ओइरिएर, डरलाग्दो गरी बाजा बजाएर, बिहानी नहुँदै गाउँ नै कब्जा गरेर सबैलाई थर्कमान पार्ने नीति, गोरखाली राजाले अपनाएका थिए। चौध वर्षसम्म घेरामा राखेर आखिर जितिछाडेपछि, कीर्तिपुरका बासिन्दा माथि, गोरखालीले मच्चाएको अत्याचार र हिंसाले, नेपालका अरु बासिन्दाको सातो गइसकेको थियो। नेपाल खाल्टोका बासिन्दाहरू, वरिपरि ब्वाँसोले घेरेको चाल पाएका, खर्कभित्र थुनिएका, भेडाजस्तै बनेका थिए। यो हाँडीजस्तो खाल्टोमा जतिसुकै भुटिए पनि, उछिट्टिएर कहाँ जानु ?यस्तो परिस्थिति, काठमाण्डूका राजा जयप्रकाश मल्लले राम्रै बुझेका थिए। तर बुझेर पनि के गर्नु ? सामर्थ्य थिएन। कुनै चमत्कारै भएर खड्गो टरेमात्र न हो !'

जहाँ जस्तै परिस्थिति भए पनि मौसमको परिक्रमा त चलि नै रहन्छ। भदौको महिना– झरी, हरियाली, धान गाँजिएर फष्टाउने बेला, शुक्लपक्षको चन्द्रमा पनि बादलमा लुकामारी खेल्ने ऋतु, जात्रा र नाचगानले उपत्यका दिन रात घन्किने समय।

सेतो ख्याकको आकार लेखेर राखेको रहेछ। त्यो आकार, यस पुस्तकको आवरण पृष्ठमा छापिएको छ। त्यो, घरकाले मान्दै आएको सेतो ख्याक, मेरो आख्यानको सेतो ख्याक मैले नै रचेको सेतो ख्याक। सोच्न, ठान्न र मन घुमाउन कसले रोक्न सक्छ र ?

जगदीशले अगाडि भन्नुभयो–

वेदको महत्व अपौरुषेय। भन्छन्– 'विश्वकै पहिलो र पूर्वीय संस्कृतिको उत्कृष्ट ग्रन्थ वेदको महफ्व धेरै कमलाई थाहा छ। त्यस भित्रको 'ॐ भुर्भुव स्व .....' गायत्री मन्त्रको महफ्व त झन् कति ठूलो छ ? दैनिक मन्त्रजप गर्ने तागाधारीहरूले नै बुझिसकेका छैनन् भने अरु कसले बुझ्ने ? तर वेदको 'सहस्र शीर्षा पुरुष....' सँग श्रीकृष्णको 'सर्व धर्मान् परित्यज्य ....' बिल्कुलै मेल खाँदैन। कृष्णले किन यसो भने ? म छक्क परेको छु।'

राणाको अनुवादक व्यक्तित्व पनि छ–

पुरुष सूक्त भनेर चिनिने वेदका सोह्र ऋचाको मैले नेपाली र अँग्रेजीमा उल्था गरेको छु।

(एउटा सिङ्गो नारी सम्बन्धी कृति अनूदित छ)

हामीले हाम्रो भाषा-संस्कृति पनि भुल्न थालिसक्यौं। नेपाली शब्दहरू छँदाछँदै अँग्रेजी वा अन्य भाषा प्रयोग गर्छौं।

जीवनदर्शनको क्रममा–

'रोगी, जोगी, भोगी, ढोँगी सबैसँग मैले सङ्गत गरेको छु। मानिसले अहङ्कार किन गर्छ ? म मर्छु भन्ने कुरा किन भुल्छ ? म छक्क पर्छु। मानिसले दुई कुरा कहिल्यै भुल्नुहुँदैन– नाङ्गै आएको हो र नाङ्गै जाने हो। (जीवनको सन्दर्भमा म र मेरो ड्राइभरमा कुनै फरक छैन। मेरो छोरा मभन्दा अगाडि लाग्यो, ब्लडप्रेसर डाइबिटिज कन्ट्रोल गर्न नसकेर मऱ्यो।) मैले नियति सम्झेर चित्त बुझाइरहेको छु। (सिकन्दरको 'खुल्लाहात'ले मरेको प्रसङ्ग)

राणा शासनको समयको कुरा नै गरौं– ............

'बबरमहलमा पाँच सय जना बुद्धिष्टलाई भोजन गराएको झलझली याद छ मलाई। त्यसबेला पच्चीस प्रतिशत पनि शाकाहारी भेटिएनन्।' (सार्वजनिक स्थलमासमेत देखाउन सकेनन्।)

कति महान् चिन्तन !

मलाई भैँसी चराउने गोठालो (रामवरण) दरबान (वामदेव) भान्से (विद्या) र छापामारहरू (ओनसरी र नन्दबहादुर) ग्रेट लाग्छन्। किन अपमानित भाषा बोल्छन् मानिसहरू ? सानो सङ्घर्षले त्यो ठाउँमा पुगेको हो र तिनीहरू ? गरेर देखाउनुस् न ! कालाजातिका मुस्लिमधर्मी ओबामा अमेरिकाजस्तो शक्तिशाली राष्ट्रको राष्ट्रपति पदमा पुग्न तीन पुस्ताको सङ्घर्षले काम गरेको छ।

व्यापार अर्थात् वणिक् वृत्तिबाट अघि बढ्नु छैन उनलाई।

शब्द गन्नेले पैसा गन्न जान्दैन।' दाज्यूले भनेजस्तै म अक्षरको खेती गरेर सन्तुष्ट भएको छु।

गम्भीर चिन्तन छ उनको–

(क्रमशः)

# अमेरिकामा अनलाइन ट्यालेन्ट शो




काठमाडौं : विश्वभर फैलिएर बसेका नेपाली प्रतिभालाई भर्चुअल अर्थात अनलाइनको माध्यमबाट छनौट गरि आयोजना हुन लागेको अनलाइन ट्यालेन्ट कम्पिटिसनको दोस्रो संस्करण अनलाइन ट्यालेन्ट शो २०२३ घोषणा भएको छ। राजधानीमा आयोजित पत्रकार सम्मेलनमा यसबारे जानकारी दिइएको हो।

हिमालयन म्युजिक एकेडेमी अमेरिकाले प्रस्तुत गर्ने कार्यक्रममा गायन, वाद्यवादन, नृत्य तथा कमेडी विधामा प्रतिस्पर्धा हुनेछ। हिमालयन म्युजिक एकेडेमी अमेरिकाको अध्यक्ष पुष्प गजमेरले आफूहरू विदेशमा भएपनि नेपाली भाषा, संगीत, साहित्य र नेपालप्रति समर्पित रहेर शो आयोजना गर्न लागिएको बताए।

कार्यक्रम नेपालको राष्ट्रिय टेलिभिजनबाट प्रसारण हुने बताइएपनि टेलिभिजनको नाम भने खुलाइएको छैन्। कार्यक्रमले विश्वभर छरिएर रहेका नेपालीलाई आफ्नो भाषा, साहित्य, संगीत तथा कलाको माध्यमद्धारा एकीकृत हुन सघाउने आशा अध्यक्ष पुष्प गजमेरले लिएका छन्।

हाल विदेशमा जन्मिएका तथा हुर्किएका नेपाली सन्ततीहरूलई समेत यस कार्यक्रमले नेपाल र नेपाली भाषा, कला, साहित्यप्रति आफ्नोपन जगाउँछ भन्ने उदेश्यसहित पहिलो संस्करण सुरु गरिएको अध्यक्ष गजमेरले कार्यक्रममा बताए। कार्यक्रममा सहभागीहरूलाई मेन्टरद्धारा प्रशिक्षण गराई उत्कृष्ट पाँचको लागि अमेरिकामा नै लैजानले आयोजकको तयारी रहेको छ।

अन्तिम प्रतिस्पर्धीले अमेरिकामा हुने कार्यक्रममा प्रतिस्पर्धा गर्नेछन्। विजेताले नगद र आफ्नो दक्षता भएको विधामा उच्च शिक्षाको लागि छात्रवृत्ति र अन्य गिफ्ट ह्याम्पर पुरस्कारस्वरुप पाउनेछन्। कार्यक्रममा अतिथिहरू बिशिष्ठ अभिनेता कृष्ण मल्ल र भुटानिज आर्टिष्ट म्युजिक एसोसिएसनका अध्यक्ष खेम रिजालले कार्यक्रम सफलताको शुभकामना दिएका थिए।

एसोसिएसन अमेरिका र ड्रुक इन्टरनेसनल सितारिओ कराँते अफ अमेरिकाको सहकार्यमा हुने प्रतिस्पर्धाको अडिसन जुन १, २०२३ मा सुरु हुनेछ। कार्यक्रमका संचालक, बरिष्ठ संचारकर्मी अभिनेता तथा निर्देशक दिनेश डिसीले पुष्पको यो कदमको सबैले साथ दिनुपर्ने कुरामा जोड दिए। कार्यक्रममा गीतकार संघका उपाध्यक्ष बसन्त बित्यासी थापा, समाजसेवी तथा निर्माण ब्यबसायी प्रकाश कुमार श्रेष्ठ लगायत अन्य बिशिष्ठ व्यक्तित्वहरू तथा पत्रकारहरूको बाक्लो उपस्थिति रहेको थियो।

# "स्वतन्त्र नेतृत्ववाद" को विमोचन




काठमाडौं। लामो सययदेखि सामाजिक अभियानमा सक्रिय युवा एच.बि खत्रीले 'स्वतन्त्र नेतृत्ववाद' नामक पूस्तक सार्वजनिक गरेका छन्। पछिल्लो संघिय संसद र प्रदेश सभा निर्बाचनको मिति घोषणा सँग स्वतन्त्र उम्मेदबार घोषणाको क्रम चलिरहेको बेला युवा लेखक खत्रिले 'स्वतन्त्र नेतृत्ववाद' पुस्तक सार्वजनिक गरेका हुन्।

मङलबार राजधानीको मिनभवनस्थित थाहाँ लाइब्रेरीको हलमा कार्यक्रमकाबीच एचबी खत्रीद्धारा लिखित 'स्वतन्त्र नेतृत्ववाद' पुस्तकको विमोचन प्राध्यापक डा.उत्तम खनाल प्रा.डा.गोपी लाल न्यौपाने, अभियान्ता बिनोद डाँगीले पुस्तकको बिमोचन गरेका हुन्।

बिमोचन पछि बोल्दै प्रा.खनाले 'स्वतन्त्र नेतृत्ववाद' पुस्तकले इतिहासमा नयाँ वादको रुपमा आएकोले यसले नेपाली राजनीतिमा नयाँ तरङ्ग ल्याउने बताए। प्रा. डा. गोपी लाल न्यौपानेले पुस्तक समयसापेक्ष भएको स्वतन्त्रताको पक्षमा लेखिएको र जुन असल नेताले एकपटक पढ्नैपर्ने बताए। साहित्यकार रुपसिंह भण्डारीले वाद विकास हुन समय लाग्ने भन्दौ समयसँगै स्वतन्त्र नेतृत्ववादलाई परिमार्जन गर्दै लैजान सुझाउनु दिए। लेखक खत्रीले उपस्थित सबैलाई धन्यवाद दिदै स्वतन्त्र नेतृत्ववादले युवा पुस्तालाई कसैको चाप्लुसी नगरी नेतृत्वमा पुग्न मद्धत पुऱ्याउने बताउँदै लेखकको धर्म लेख्नु भएको र बाँकी प्रतिक्रियाका लागि आजबाट पुस्तकलाई पाठकको जिम्मामा लगाएको बताएका थिए। सोही कार्यक्रममा विश्व किर्तिमानी गिनिज बुक अफ वर्ल्ड रेकर्ड होल्डर चित्र कुमार कार्कीले गिनिज बुकको तर्फबाट मायाको चिनो स्वरुप मेडल प्रदान गरेर लेखकलाई सम्मान एवं हौसला प्रदान गरे। पुस्तकमा स्वतन्त्रहरूको अभियानलाई मार्गनिर्देशन गर्ने पुस्तकले सहयोगले गर्ने बताईएको छ। कार्यक्रममा लेखक, समाजसेवी, पूर्वसरकारी अधिकारीहरू लगायत विभिन्न क्षेत्रका बिशिष्ट व्यक्तीत्वहरूको सहभागिता रहेको थियो।

# कोइरालाको "हृदय" सार्वजनिक




काठमाडौं। तीन दशकदेखि मुटुको उपचारमा संलग्न डा. भगवान कोइरालाको पुस्तक 'हृदय'को विशेष सीमित संस्करण काठमाडौंमा सोमबार लोकार्पण भएको छ।

विशेष सीमित संस्करण एक पटकका लागि २५ सय प्रति मात्र मुद्रण गरिएको छ। यसको मूल्य २५ हजार रुपैयाँ छ। यो संस्करणबाट प्राप्त हुने शतप्रतिशत रकम काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) निर्माण परियोजनामा खर्च गरिने प्रकाशक फाइन प्रिन्टले जानकारी दिएको छ। विशेष संस्करण खरिद गरी सहयोग पुऱ्याउने २५०० सहयोगीको नाम अस्पतालको शिलालेखमा समावेश हुनेछ।

डा. भगवान कोइरालाको पुस्तक 'हृदय'को विमोचन उनले नै शल्यक्रिया गरेका दुई बालबालिकाले गरे। १३ वर्षका सौरभजंग केसीको २ वर्षमा र १३ वर्षकै एलिजा चन्दको १० वर्षको उमेरमा शल्यक्रिया भएको थियो। अहिले उनीहरू स्वस्थ छन्।

डा. भगवान कोइराला र बालस्वास्थ्यमा समर्पित समूहले काठमाडौंसँगै सातै प्रदेशमा बाल अस्पताल निर्माणको लक्ष्य लिएको छ। यो बृहत परियोजनालाई सफल पार्न आफूहरूले सानो पहल मात्र गरेको फाइन प्रिन्टले जनाएको छ।

विशेष संस्करणलाई डा. कोइराला आफैंले प्रत्येक पुस्तकमा क्रमसंख्या अङ्कित र हस्ताक्षर गरी प्रमाणित गर्छन्।

पुस्तकको नियमित संस्करण भने असोज पहिलो साता बजारमा उपलब्ध हुने फाइनप्रिन्टको भनाइ छ। नियमित संस्करण काठमाडौंका लागि प्रतिपुस्तक ६५० र काठमाडौं बाहिरका लागि ५७५ मूल्यमा उपलब्ध हुने फाइनप्रिन्टले बताएको छ। नियमित संस्करणको पनि ५० प्रतिशत लेखकस्व सोही बाल अस्पताल निर्माण कोषलाई हस्तान्तरण गर्ने डा. कोइरालाले निर्णय गरेका छन्। निर्माणाधीन बाल अस्पतालमा 'हृदय' पढ्ने हरेक पाठकको लगानी हुनेछ। 'गंगालाल मुटुका लागि भर पर्दो संस्था बने झैं बालबालिकाका लागि किआच हुनेछ भन्ने हाम्रो विश्वास छ,' फाइनप्रिन्टका नीरज भारीले भने।

# अधिकारका लागि सडकमा



विष्णु भट्टराई

काठमाडौँ । इरानी धार्मिक प्रहरीद्वारा पक्राउ परेकी एक युवतीको हिरासतमा मृत्यु भएपछि इरानमा सुरु भएको विरोध प्रदर्शन चर्कँदै गएको छ। कुर्दिस्तानस्थित आफ्नो घरबाट राजधानी तेहरान जाने क्रममा २२ वर्षीया महसा अमिनीलाई हिजाबसम्बन्धी भएका छन्। विरोध चर्कँदै गएपछि प्रहरीले व्यापक दमन गरेको जनाइएको छ। जसका कारण ४१ जनाको ज्यान गइसकेको र ७ सयभन्दा बढी पक्राउ परेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

गुइलान प्रान्तका प्रहरी प्रमुख जनरल अजिजोल्लाह मालेकीले ६० महिलासहित ७३९ जना प्रदर्शनकारीलाई पक्राउ गरिएको पुष्टि गरेका छन्। उनका अनुसार मृत्यु हुनेमा पाँच जना सुरक्षा अधिकारी छन्। तर, ज्यान गुमाउने प्रदर्शनकारीको संख्या अझै बढिरहेको मानव अधिकारवादी समूहहरूको दाबी छ।ओस्लोस्थित इरान मानवअधिकारले सुरक्षाकर्मीको दमनका कारण कम्तीमा ५० जनाको मृत्यु भएको जनाएको छ। अमिनीको मृत्युबारे समाचार प्रकाशन गर्ने सुधारवादी अखबार सार्गका निलोफर हामेदीसहित ११ जना पत्रकार र केही अधिकारकर्मीलाई सुरक्षा फौजले पक्राउ गरेको 'द टाइम्स अफ इजरायल' ले जनाएको छ।

महिलाहरूको अगुवाइमा सुरु भएको प्रदर्शनलाई पछिल्लो समय पुरुषले पनि मोज्ताबाविरुद्ध पनि चर्का नाराबाजीहरू गरिएको छ।

कतिपय सहरमा प्रदर्शनकारीले प्रहरी कार्यालय र सरकारी भवनमा आगो लगाइदिएका छन्। सिया बाहुल्य मसहद सहरबाट सार्वजनिक भिडियोमा एक महिलाले प्रहरीको गाडीमा उभिएर 'इस्लामिक गणराज्य हामीलाई चाहिँदैन' भन्दै आक्रोश व्यक्त गरेकी छन्। त्यस्तै, गिलान प्रान्तमा एक बूढी महिलाले आफ्नो हिजाब निकाल्दै 'खामेनीलाई मृत्युदण्ड देऊ' भन्दै नारा लगाएकी बीबीसीले जनाएको छ।

अमिनीको घर रहेको क्षेत्र कुर्दिस्तानमा निकै भयानक प्रदर्शन र झडपहरू भएका छन्। कुर्दिस्तानमा मात्रै कम्तीमा १५ प्रदर्शनकारी मारिएका जनाइएको छ। कुर्दिस मानवअधिकार समूह हेंगले बुधबार एकै दिन सरकारी फौजबाट ८ जना मारिएका जनाएको छ।

विगतका वर्षमा फाट्टफुट्ट विरोध प्रदर्शनहरू हुने गरेका भए पनि यस पटक आर्थिक संकटले प्रदर्शनकारी थप रुष्ट रूपमा व्यवहार गर्न' आह्वान गरेका अल जजिराले जनाएको छ। 'विरोध र सार्वजनिक सुरक्षामा खलल' बीच भिन्नता देखिनुपर्ने बताउँदै उनले पछिल्लो कार्य 'दंगा र दुष्टता' भएको दाबी गरेका छन्।

इरानमा पछिल्लो समय चर्किएको प्रदर्शन तीन वर्षयताकै ठूलो हो। इन्धनको मूल्य वृद्धिको विरोधमा सन् २०१९ को नोभेम्बरमा सुरु भएको आन्दोलनलाई सरकारले दमन गर्ने क्रममा १ हजार ५ सय जना मारिएका समाचार संस्था रोयटर्सले जनाएको छ। उक्त आन्दोलनलाई इरानको इतिहासकै सबैभन्दा रक्तपातपूर्ण बताइएको छ।

मुस्लिम महिलाहरूले परम्परागत रूपमा टाउको ढाक्न प्रयोग गर्ने वस्त्र हो हिजाब। यो लगाउँदा मानिसको टाउकोदेखि घाँटी हुँदै छातीसम्म छोपिन्छ। तर अनुहार भने खुला रहन्छ। अरबी शब्द 'हिजाब' को अर्थ अवरोध हो। इरानले सन् १९७९ को इस्लामिक क्रान्तिपछि हिजाब कानुन लागू गरेको हो। त्यसयता इरानी महिलाहरू घरबाहिर निस्कँदा अनिवार्य रूपमा हिजाब लगाउँदै






कानुन उल्लंघनको आरोपमा 'गस्त-इ-इरसाद' प्रहरीले गत साता पक्राउ गरेको थियो। २२ वर्षीया अमिनीको पक्राउ परेको तीन दिनपछि हिरासतमा मृत्यु भएको हो।

महसा अमिनीको प्रहरी हिरासतमा मृत्यु भएपछि इरानको राजधानी तेहरानमा गरिएको विरोध, ग्रीसको एथेन्सस्थित स्यान्टाग्मा स्क्वायरमा आफ्नो कपाल काटेर विरोध जनाउँदै एक युवती र महसा अमिनी । तस्बिर : रोयटर्स/एपी

इरानी प्रहरीले हिजाबसम्बन्धी नियमको प्रशिक्षणका क्रममा अकस्मात् हृदयाघात भएर अमिनीको मृत्यु भएको परिवारलाई बताएको थियो। तर पक्राउ पर्नुअघि अमिनीमा कुनै पनि स्वास्थ्य समस्या नरहेको उनको परिवारले जनाएको छ। पक्राउपछि अमिनीलाई प्रहरी भ्यानमा राखिएको र टाउकोलगायतका अंगमा कुटपिट गरिएको प्रत्यक्षदर्शीले देखेका बीबीसीले जनाएको छ।

अमिनीका बुबा अमजादले 'मृत्युपछि आफ्नी छोरीको शरीर हेर्न नदिइएको' बताएका छन्। अमिनीको मृत्युपछि 'लामो समयदेखि महिलाले नरुचाएको कानुन' को विरोधमा प्रदर्शन चर्केको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। त्यसका साथै हिजाब कानुन पालना गराउने धार्मिक प्रहरी 'गस्त-इ-इरसाद' ले गरेको अपमान र दण्ड सम्झिएका इरानी महिला आक्रामक रूपमा सडकमा उत्रेका हुन्।

बीबीसीका अनुसार पछिल्लो समय ३१ प्रान्तका कम्तीमा ८० सहरमा प्रदर्शनहरू साथ दिएका छन्। उनीहरूले इरानको कठोर धार्मिक कानुन खारेजीको चर्को रूपमा माग गरेका छन्। महिलाहरूले सार्वजनिक स्थानमा अनुहार र हातबाहेक सबै अंग ढाक्नुपर्ने नियमको उनीहरूले विरोध गरिरहेका छन्। त्यस्तै, महिलाविरुद्ध हुने हिंसा र भेदभाव अन्त्यको समेत आवाज उठेको छ।

विरोधका क्रममा महिलाहरूले सार्वजनिक स्थानमा नै कपाल काटेका र हिजाब जलाएका भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन्। अधिकारको माग गर्दै इरानी महिलाहरूले विरोध प्रदर्शन चर्काएको यो पहिलो पटक भने होइन। सन् १९७९ को इस्लामिक विद्रोहयता नै इरानी महिलाले हिजाब कानुनलाई चुनौती दिँदै आएका छन्। सन् २०१७ मा एक महिलाले इरानी राजधानी तेहरानको मध्यभागमा हिजाब निकालेर लाठीमा राखेर हल्लाएपछि यसले अभियानकै रूप लिएको हो।

पछिल्लो विरोध प्रदर्शन सन् २०१९ यताकै ठूलो भएको बताइएको छ। लामो समयदेखि अमेरिकालगायतका पश्चिमा देशले लगाएका विभिन्न प्रतिबन्धका कारण इरानी अर्थतन्त्र निकै प्रभावित भएको छ। जसका कारण इरानी जनताको जनजीवन कष्टकर बन्दै गएको छ।

पछिल्ला प्रदर्शनहरू देशको शासन प्रणालीको केन्द्रमा रहेका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीप्रति लक्षित छन्। खामेनीको उत्तराधिकारीका रूपमा हेरिएका बनेका देखिएको छ। परमाणु कार्यक्रमको प्रतिक्रियामा अमेरिकाले कठोर प्रतिबन्ध लगाएपछि इरानले अर्थतन्त्रको मुख्य स्रोत तेल बिक्री गर्न पाएको छैन। त्यसमाथि भ्रष्टाचार र आर्थिक दुरवस्थाका कारण लामो समयदेखि इरानीहरूले महँगी, बेरोजगारी र खाद्यान्न अभावको समस्या झेल्न बाध्य छन्। केहि दिनयताका प्रदर्शनमा पुरुषहरूको पनि सहभागिता बढेसँगै देशको आर्थिक अवस्था र भ्रष्टाचारविरुद्ध पनि आवाज उठ्न थालेको छ। 'यसले इरानी नेतृत्वमाथि नै गम्भीर असर पुग्ने देखिएको छ,' स्थानीय पत्रकार राना रहिमपुरले भनिन्।

तर सरकार भने प्रदर्शनकारीका माग सुन्ने भन्दा पनि दमन गर्ने बाटोमा देखिएको छ। धेरै स्थानमा प्रदर्शनकारीमाथि सुरक्षाकर्मीले पानीको फोहोरा, अश्रुग्यास र लाठी प्रहार गरेका देखिएको छ। सामाजिक सञ्जालमा सार्वजनिक दृश्यहरूमा ठूलो संख्यामा तैनाथ दंगा प्रहरी तथा सादा पोसाकमा खटिएका बसिल अर्धसैनिकहरूले प्रदर्शनकारीलाई बन्दुक र पानीको फोहोरा प्रयोग गरिरहेको देखिन्छ। मोबाइल तथा इन्टरनेट सेवा अवरुद्ध गरिएको छ। त्यस्तै, इरानी रिभोलुसनरी गार्ड्सले देशमा भइरहेको प्रदर्शनलाई 'देशद्रोही कार्य' को संज्ञा दिँदै मानिसलाई पाठ सिकाउन प्रदर्शन दबाउनुको विकल्प नभएको बताएको छ।

प्रदर्शन अनियन्त्रित बन्दै गएपछि इरानी राष्ट्रपति इब्राहिम राइसीले 'देशको शान्ति सुरक्षामा खलल पुर्याउनेहरूसँग 'निर्णायक आएका छन्। इरान घुम्न जाने अन्य देशका नागरिकले पनि त्यहाँका महिलाले जसरी हिजाब लगाउनुपर्ने नियम छ।

इस्लामिक कानुनअनुसार महिलाले घरबाहिर निस्कँदा आफ्नो अनुहार र हात (नाडीसम्म) बाहेक सम्पूर्ण अंग छोप्नुपर्छ। तर यथार्थमा भने यो नियम पूर्ण रूपमा कार्यान्वयनमा भने आएको देखिँदैन। यद्यपि, केही महिलाले भने यो कानुनको पालना गर्ने गरेका छन्। इरानमा यो कानुन लागू गरिएसँगै महिलाहरूले असन्तुष्टि व्यक्त गर्दै आएका थिए। त्यसयता उनीहरूले पटकपटक उक्त कानुनको सार्वजनिक रूपमा विरोधसमेत गर्दै आएका छन्।

बासिज अर्धसैनिकले सहयोग गर्ने धार्मिक प्रहरी 'गस्त-इ-इरसाद' ले हिजाबसम्बन्धी कानुन कार्यान्वयन गर्दै आएको छ। यसले तोकिएको नियमअनुसार हिजाबको प्रयोग भए/नभएको हेर्ने, महिलाले आफ्नो केश तथा शरीर ढाके/नढाकेको हेर्ने र शृंगारका सामग्रीको प्रयोगलाई दुरुत्साहन गर्ने काम गर्छ। हिजाबको प्रयोग सही तरिकाले नभएको खण्डमा चेतावनी दिने, जरिवाना लिने र पक्राउसमेत गर्नका लागि गस्त-इ-इरसादलाई गठन गरिएको थियो। तर हालै गरिएको सुधारअन्तर्गत केही समयपछि उक्त फौजले ती काम गर्न नपाउने बताइएको छ। त्यसको साटो ७ हजार सादा पोसाकका धार्मिक प्रहरीले हिजाबसम्बन्धी नियम उल्लंघन गर्ने महिलाका विषयमा प्रहरीलाई जानकारी दिने जनाइएको छ।

## युक्रेनको ४ क्षेत्रमा जनमत संग्रह सकियो

काठमाडौँ । रुसमा गाभिने वा युक्रेनमै रहने निर्क्यौल गर्न युक्रेनका चार क्षेत्रमा घोषणा गरिएको जनमत संग्रहको मतदान मंगलबार सकिएको छ । रणनीतिक हिसाबले महत्त्वपूर्ण मानिएका युक्रेनका दक्षिण पूर्वी क्षेत्रहरू लुहान्स्क, दोनेत्स्क, जापोरिजिया र खेर्सनमा गत शुक्रबारदेखि मतदान सुरु भएको थियो । मतदान ५ दिनसम्म चलेको छ ।

अमेरिका, युरोपेली युनियनलगायत पश्चिमा शक्तिले क्रिमियाको जस्तै यो पटकको जनमत संग्रहलाई यसअघि नै अवैधानिक भनिसकेका छन् । तर, रुसले भने मतगणनाबाट प्राप्त नतिजाकै आधारमा अघि बढ्ने दाबी गरेको छ । मतदान प्रक्रिया, सुरक्षाकर्मी र मतदान कर्मचारीलाई घरघरमा खटाई पक्षमै मत दिन दिइएको दबाब, मतदान कार्य थाल्नुअघि मतदानस्थलमा बजाइएको रुसी राष्ट्रिय गानलगायत कारण जनमत संग्रह सामान्य औपचारिकता मात्र रहेको पश्चिमा मिडियाहरूले दाबी गरेका छन् ।

सामाजिक सञ्जालमा सार्वजनिक भिडियोहरूमा मतदानस्थलमा रुसी राष्ट्रिय गान बजाएर मात्र मत दिने कार्य थालिएको देख्न सकिन्छ । जापोरिजियाको इनेरहोदरका प्रत्येक घरमै पुगेर रुसी सैनिक र मतदान कर्मचारीहरूले रुसको पक्षमा मत दिन दबाब दिइएको पाइएको समाचारहरूमा उल्लेख छ । 'मतदानमा सहभागी नहुने सबै व्यक्ति हाम्रो नजरमा हुनेछन्, त्यस्तो पाइएमा फेरि हामी उनीहरूको घरसम्म आउनेछौं भन्नेसम्मको धम्की दिइएको थियो । जो हाम्रा लागि निकै त्रासदीपूर्ण थियो,' एक स्थानीयको भनाइ उद्धृत गर्दै बीबीसीले लेखेको छ ।

मतदानमा सहभागी नभए जागिर जानेसम्मको चेतावनी दिइएको ती स्थानीयले बताएका छन् । 'मतदान बहिष्कार गर्न सक्ने र विपक्षमा भोट हाल्ने अवस्था नै थिएन । उनीहरूले हामीलाई मतपत्र दिएका थिए र त्यसमा म पक्षमा छु भन्नेमै भोट हाल्नुपर्ने थियो । यदि त्यसो नभएमा हामीले हाम्रो जागिर गुमाउनुपर्थ्यो,' ती व्यक्तिले भनेका छन् ।

यसअघि सन् २०१४ मार्चमा पनि रुसले युक्रेनी क्षेत्र क्रिमियालाई यही प्रक्रियाबाट अधीनस्थ गरेको थियो । त्यतिबेला ९५.५ प्रतिशतले रुसमै समाहित हुने मत दिएका थिए । स्वघोषित जनमत संग्रह सकिएकाले रुसले लुहान्स्क, दोनेत्स्क, जापोरिजिया र खेर्सनलाई पनि केही दिनभित्रै अधीनस्थको घोषणा गर्न सक्ने बेलायती रक्षा मन्त्रालयले दाबी गरेको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी शुक्रबार रुसी संसद्लाई सम्बोधन गर्दै छन् । उक्त सम्बोधनका क्रममा पुटिनले जनमत संग्रहको हवाला दिँदै चारवटै युक्रेनी क्षेत्र रुसमै गाभिने घोषणा गर्ने पूर्ण सम्भावना रहेको बेलायती रक्षा मन्त्रालयले मंगलबार विज्ञप्तिमार्फत आकलन गरेको हो । मन्त्रालयले क्रेमलिनले मतपरिणम यसअघि तय गरिसकेको र जनमत संग्रहलाई युक्रेनी क्षेत्रलाई अवैध रूपमा हडप्ने एक साधनको रूपमा प्रयोग गरेको भनेर अर्थ्याएको छ । जनमत संग्रहलाई युक्रेन र अन्य पश्चिमा राष्ट्रहरूले पनि अवैध भन्दै आएका छन् । यदि रुसले युक्रेनी भूमिलाई अधीनस्थ गरे त्यसलाई कदापि स्वीकार नगर्ने पनि उनीहरूले स्पष्ट पारिसकेका छन् ।

'रुसी नेताहरू निश्चित रूपमा विश्वस्त छन् कि युक्रेनी क्षेत्र रुसमा विलयको घोषणाले विशेष सैन्य कारबाहीलाई पुष्टि गर्ने छ र थप संघर्षका लागि मुलुकभरबाट समर्थन प्राप्त गर्न बलियो आधार दिने छ,' मन्त्रालयले भनेको छ । तर, राष्ट्रपति पुटिनले गत बुधबार युक्रेनमा युद्धलाई तीव्रता दिन थप ३ लाख अतिरिक्त सैनिक परिचालन गर्ने घोषणापछि रुसभित्रै त्यसको विरोध भइरहेको छ भने युद्धमा सामेल हुनुपर्ने भन्दै मुलुक छाड्नेहरूको ठूलो भीड रुसी सीमा क्षेत्रमा देखिएको छ । रुसी नागरिकमा युद्धलाई लिएर बढ्दो जागरुकता र पुटिनको पछिल्लो घोषणाको विरुद्धमा उठेको जनआवाजले रुसी नेताहरूको विश्वासलाई कमजोर पार्ने पनि बेलायती रक्षा मन्त्रालयले दाबी गरेको छ ।

२९ लाख सैनिक रहेको रुसमा अहिले ९ लाख मात्रै सक्रिय सेवामा छन् । यसअघि कुनै पनि समय सैन्य सेवा रहेका करिब २० लाख जगेडा सैनिकमध्ये अहिले ३ लाख जनालाई सेवामा फिर्ता बोलाई युक्रेमाथिको युद्धमा परिचालन गर्न लागिएको छ । सरकारको घोषणाअनुरूप युद्धमा सामेल हुन नपरोस् भन्न हजारौं रुसी नागरिक परिवारसहित नै मुलुक छोडिरहेका छन् । रुसी सञ्चारमाध्यमहरूका अनुसार जर्जिया र मंगोलिया प्रवेश गर्न हजारौं सवारीसाधन सीमाक्षेत्रमा लाम लागेका छन् । आइतबार जर्जिया प्रवेश गर्न ३ हजारभन्दा बढी सवारीसाधन करिब ४८ घण्टादेखि सीमाक्षेत्रमा लाममा थिए । हवाई यात्रा गर्दै बाहिरिनेको चाप पनि रुसी उड्डयन प्राधिकरणले थेग्न नसकेको समाचारहरूमा जनाइएको छ । सामान्य अवस्थाभन्दा करिब ५ गुणा महँगो हवाई टिकट खरिद गरेर भए पनि धेरै रुसी नागरिकले मुलुक छाडेका छन् । क्रेमलिनले सोमबार रुसी सीमा सिल गर्ने हालसम्म कुनै निर्णय नभएको स्पष्ट पारेको छ ।

गत फेब्रुअरी २४ बाट रुसले युक्रेनमाथि सैन्य कारबाही थालेको हो । त्यसयता करिब ४० हजार रुसी नागरिक जर्जियाको राजधानी टिब्लिसी पुगिसकेको त्यहाँको सरकारी तथ्यांक उद्धृत गर्दै समाचार एजेन्सी रोयटर्सले जनाएको छ ।

अर्कोतर्फ राष्ट्रपति पुटिनको घोषणाको विरोधमा राजधानी मस्कोमा लगातार विरोध प्रदर्शन भइरहेको छ । हालसम्म त्यस्ता प्रदर्शनमा सहभागी करिब २४ सय प्रदर्शनकारीलाई पक्राउ गरिसकिएको रिपोर्ट प्राप्त भएको संयुक्त राष्ट्रसंघले जनाएको छ । ठूलो संख्यामा आन्दोलनकारी पक्राउ गरी अझै नियन्त्रणमा राखिएको सम्बन्धमा राष्ट्रसंघले गहिरो चिन्ता पनि व्यक्त गरेको छ । 'विश्वस्त रिपोर्टहरूका अनुसार राजधानी मस्कोसहित मुलुकका विभिन्न क्षेत्रबाट २ हजार ३ सय ७७ जना पक्राउ परिसकेका छन्,' राष्ट्रसंघीय मानवअधिकार संगठनको कार्यालयकी प्रवक्ता रविना सामदसनीले जेनेभामा सञ्चारकर्मीहरूसँग भनेकी छन्, 'अझै कति व्यक्ति प्रहरी नियन्त्रणमा छन् भन्ने यकिन भएको छैन ।' स्वतन्त्र रुसी मानव अधिकार मिडिया प्रोजेक्ट ओभीडी-इन्फोका अनुसार मुलुकका ३२ सहरबाट नियन्त्रणमा लिइएकामध्ये अझै ७ सय २६ जनालाई रिहा गरिएको छैन । त्यसको झन्डै आधा संख्यामा आन्दोलनकारी मस्कोका विभिन्न जेलहरूमा छन् ।

*(एजेन्सीहरूको सहयोगमा)*

# इटालीको पहिलो महिला प्रधानमन्त्री बन्दै मेलोनी

काठमाडौं । इटालीमा आइतबार सम्पन्न निर्वाचनमा चरम दक्षिणपन्थी दल ब्रदर्स अफ इटाली विजयी भएको छ । योसँगै दलकी नेतृ जर्जिया मेलोनी इटालीको इतिहासमा प्रथम प्रधानमन्त्री हुने भएकी छन् । निर्वाचन परिणामले इटालीमा दोस्रो विश्वयुद्धपछि पहिलोपटक चरम दक्षिणपन्थी दलले सरकारको नेतृत्व लिने भएको हो ।

मेलोनीको पार्टीले सन् २०१८ मा भएको पछिल्लो निर्वाचनमा चार प्रतिशत मात्र मत पाएको थियो । दक्षिणपन्थी गठबन्धनको सबैभन्दा ठूलो पार्टी, ब्रदर्स अफ इटालीको प्रमुखको हैसियतले मेलोनी इटालीको पहिलो महिला प्रधानमन्त्री बन्ने निश्चित भएको आजेन्सिया इटालिया दैनिकले उल्लेख गरेको छ ।

सोमबार सार्वजनिक आंशिक चुनावी नतिजाअनुसार मेलोनीको दलले स्पष्ट बहुमत प्राप्त गर्ने निश्चित भएको जनाइएको छ । मेलोनीले 'ब्रदर्स अफ इटालीले सबैका लागि शासन गर्ने र जनताको विश्वासलाई धोका नदिने' बताएकी छन् । इटालीको राजनितिक क्षेत्रलाई उच्च पितृसत्तात्मक मानिन्छ जहाँ राजनीतिक व्यक्तित्वहरू अत्यधिक पुरुष छन् । तर मेलोनीको विजयले राज्यसत्ताको निर्माणमै ठूलो हलचल मच्चाइदिएको छ ।

माटेओ साल्भिनी र सिल्भियो बर्लुस्कोनीका पार्टी सहभागी दक्षिणपन्थी गठबन्धनको नेतृत्व मेलोनीले गरेकी हुन् । ती दलले कम्तीमा ३६.५ प्रतिशत भोट पाउने जनाइएको छ । मेलोनी नेतृत्वको गठबन्धनले ४६.५ प्रतिशत मत प्राप्त गर्ने अल्पाइस दैनिकले उल्लेख गरेको छ ।

इटालीमा दोस्रो विश्वयुद्धपछि युरोपकै अस्थिर सरकार रहेको ठानिन्छ । दोस्रो विश्वयुद्धपछिका सात दशकमा इटालीमा ६७ वटा सरकार गठन भइसकेका छन् ।

'पक्कै पनि मेरो विजय एक कदम अगाडि हुनेछ,' मेलोनीले मतदानअघि युरोन्यूजसँगको अन्तर्वार्तामा भनेकी थिइन्, 'मैले यसलाई 'ग्लास सिलिङ' भत्काउने भनेर परिभाषित गरेकी छु । इटालीमा मात्रै होइन धेरै पश्चिमी देशहरूमा रहेको यस्तो



परिपाटीले महिलाहरूलाई समाजमा महत्त्वपूर्ण सार्वजनिक भूमिका प्राप्त गर्नबाट रोक्छ ।'

ब्रदर्स अफ इटालीको विजयको सुनिश्चिततासँगै मेलोनीका नीतिहरूले धार्मिक रूपमा सूचित देशभक्तिको पहिचानको राजनीतिलाई मिसाउने सञ्चारमाध्यमहरूले टिप्पणी गरेका छन् । इटालीको बिग्रँदो आर्थिक दुरवस्थालाई माथि उकास्न उक्त दलले व्यवसाय-मैत्री आर्थिक नीतिहरू अघि सारेको र त्यसले इटालीको अर्थतन्त्रमा सास फेर्न आशा जगाएको फ्रान्सेली पत्रकार आन्द्रिया कार्लोको भनाइ छ ।

तर समलिंगीय विचारधारा र समानताविरोधी मेलोनीले पश्चिमी सभ्यतालाई धम्की दिन सक्ने खतरासमेत रहेको विश्लेषकहरूको दाबी छ । फ्रेन्ड्स अफ इटाली सम्मिलित गठबन्धन पार्टीको विजय युरोपेली संघका लागि खतरा रहेको पनि कतिपयको विश्लेषण छ ।

मेलोनी र उनको गठबन्धनका सहकर्मी नर्दन लिगका साल्भिनीलाई युरोपको विद्रोही र रुसी राष्ट्रपति भ्लादिर पुटिनको भद्र समर्थकका रूपमा हेर्ने गरिन्छ । पत्रकार कार्लोको भनाइमा उनीहरूले युरोको आलोचना गरेका छन् र बेलायतको प्रो-ब्रेक्जिट निर्णयमा खुसी व्यक्त गरेका छन् ।

डेमोक्रेटिक पार्टीका नेता एन्रिको लेत्ताले मेलोनी सरकारले पहिलो कामका रूपमा युरोपेली संघसँगको सम्बन्ध तोड्ने बताएका इटालीको ला रेपुब्लिकालाई उद्धृत गर्दै फ्रंस-२४ ले जनाएको छ ।तर मेलानीले आफूलाई युरोपेली विज्ञहरूले धेरै गलत तरिकाले परिभाषित गर्न खोजेको बताएकी छन् ।

'हामीले आफूलाई व्यापक युरोपको तर्कमा सबै मूल्य र हरेक कुरामा चिन्न सकेका छैनौं । त्यसले गर्दा अहिलेसम्म धेरै केन्द्रीयता लादिएको छ । अधिक नोकरशाहीपन छ र कम सहायता हुने गरेको छ । यसको सट्टामा हामी सम्मान गर्न चाहन्छौं । यो ईयूका आधारभूत सिद्धान्त हो,' मेलोनीले भनेकी छन् ।

मेलोनीले ईयू आम युरोपेलीले सोचेको जस्तो नभएको, प्रभावकारी रक्षा नीति विकास गर्न नसकेको, ऊर्जा सुरक्षामा लगानी गर्न नसकेको र मूल्य शृंखलाहरू कायम राख्न नसकेको आरोप लगाउँदै आएकी छन् । उनले ग्यास, कच्चा माल, वस्तुहरू, चिप्स र अन्य सामानको मूल्य, आपूर्ति र व्यवस्थापन प्रायः अविश्वसनीय रहँदै आएकाले आफूले त्यसमा काम गर्ने बताएकी छन् । तर उनका आलोचकहरूले भने मेलोनीले एकीकरणको दृष्टिकोण अनुसार सन् १९५० को दशकदेखि युरोपको अधिकार भन्दै प्रचार गरिएको युरोप मोडेललाई प्रतिनिधित्व गर्न नसक्ने आयोप लगाउँदै आएका छन् ।

इटालीका निवर्तमान प्रधानमन्त्री मारियो ड्राघी ईयूको कट्टर समर्थकका रूपमा चिनिन्छन् । उनको दृष्टिकोण युरोपेली परिषद्का नीतिसँग मेल खाँदै आएका छन् । तर ब्रदर्स अफ इटालीका प्रमुख जर्जिया मेलोनीलाई भने युरोपेली संघभन्दा फरक धारणा राख्ने नेतृका रूपमा चिनिन्छ ।

मेलोनीले युरोपेली संघमा जर्मन र फ्रान्सेलीको दबदाबा रहेकाले आफूले समान हैसियत राख्ने कडा प्रतिक्रिया दिँदै आएकी छन् । उनले इटालियन प्रधनामन्त्री ड्राघीको पालामा ईयू कोषबाट इटालीलाई ऋणका रूपमा उपलब्ध गराउने भनिएको एक खर्ब ९० अर्ब युरो राहतका रूपमा दिनुपर्ने आवाज उठाउँदै आएकी छन् ।

'हामी इटालीको राष्ट्रिय हितलाई छिन्नभिन्न नपारीकनै रक्षा गर्न चाहन्छौं । जर्मन र फ्रान्सेलीहरूले उनीहरूको रक्षा गर्ने दृढ संकल्पका गरे जसरी नै हामी पनि गर्न चाहन्छौं,' मेलोनीले टिप्पणी गरेकी छन् ।

उनको विजयसँगै इटालीको विदेश नीति रूसतर्फ केन्द्रित रहने र धेरै हदसम्म असुरक्षित रहने त्रास आलोचकहरूमा छ । तर ४५ वर्षीया मेलोनीले युक्रेन मामिलामा पश्चिमी नीतिलाई समर्थन गर्ने र युरोपेली संघका प्रभावशाली देश जर्मनी र फ्रान्स तथा बेलायतसँग अनुचित जोखिम नलिने वाचा गरेकी छन् । तर नयाँ सरकार गठन भने अक्टोबर १३ पछि मात्र हुने जनाइएको छ ।

सन् १९७७ को जनवरी १५ मा इटालीको रोममा जन्मिएकी मेलोनी ब्रोदर्स अफ इटाली पार्टीकी प्रमुख हुन् । उनी सन् १९९२ मा १७ वर्षको उमेरमा 'राष्ट्रवादी सामाजिक इटालियन आन्दोलन' मा सामेल भएकी थिइन् । सामाजिक आन्दोलनमा निकै सक्रियता जनाउने मेलोनीले समलिंगि विवाहप्रति असहमति राख्दै आएकी छन् । जसका कारण 'सामाजिक क्षेत्रमा समानता राख्न नसकेको' भनेर उनी पटकपटक आलोचित पनि हुने गरेकी छन् ।

पुरुषरूको दबदबा रहेको ईटालीको राज्यसत्तामा चुनावमार्फत् कडा हस्तक्षेप गर्न सफल भएकी मेलोनी सन् २००८ देखि २०११ सम्म बर्लुस्कोनीको मन्त्रिपरिषद्मा युवामन्त्री बनेकी थिइन् ।

उनको दल परम्परागत, अति कठोर र अत्यन्त दक्षिणपन्थी भनेर आरोप लाग्ने गरेको छ । तर मेलोनीले भने त्यसलाई अस्वीकार गर्दै आएकी छन् । 'हाम्रो पार्टी इटालियन कन्जरभेटिभहरूको पार्टी हो,' उनले भन्ने गरेकी छन्, 'हामी एक आधुनिक सरकारी दक्षिणपन्थी हौं, जसले आज इटालीमा २० मध्ये १५ क्षेत्र र सयौं नगरपालिकामा शासन गर्दछ ।'

*(एजेन्सीको सहयोगमा)*

प्रेरक

## मान्छेको चरित्र

एकपटक एक जिज्ञासु व्यक्ति एक सन्तको आश्रममा पुगे। केही समयको भलाकुसारीपछि उनले सन्तसित प्रश्न गरे- महाराज ! रंग, रूप, बनोट, स्वभाव, परिस्थिति प्रायः सबै समानजस्तै



भए पनि कतिपय मानिसले निकै ठूलो प्रगति गर्छन्, समाजमा मान, सम्मान र इज्जत कमाउँछन्। जब कि तीमध्ये कैयौं मानिस पतनको गहिरो खाडलमा खसेर डुबिरहेका हुन्छन्। आखिर यस्तो किन हुन्छ ?

सन्तले जवाफ दिए- तिमी भोलि बिहान सबेरै मलाई तलाउको किनारमा भेट। म तिम्रो प्रश्नको जवाफ त्यहीँ दिनेछु। भोलिपल्ट बिहान सबेरै जिज्ञासु तलाउको किनारमा पुगे। सन्त पहिल्यै पुगिसकेका थिए। सन्तका हातमा दुई समान आकार, प्रकार, रूप र रंगका कमन्डलु थिए।

हेर्दा दुवै कमन्डलु समान देखिए पनि दुईमध्ये एकको पिँधमा एउटा प्वाल परेको देखिन्थ्यो। जिज्ञासु निकट आइसकेपछि सन्तले दुवै कमन्डलुलाई एक-एक गरेर तलाउमा फ्याँके। प्वाल नपरेको कमन्डलु पानीमा तैरिइरह्यो। तर, केही क्षण पानीमा तैरिए पनि प्वाल परेको कमन्डलु चाहिँ एकैछिन्मा डुब्यो र बेपत्ता भयो। यो सब हेरिरहेका जिज्ञासुतिर फर्केर सन्तले भने- दुवै कमन्डलु रूप, रंग र आकारमा उस्तै थिए। तर, दुईमध्ये एकको पिँधमा प्वाल थियो। सद्दे कमण्डलु अझै पानीमा तैरिइरहेको छ भने प्वालवाला कमन्डलु उहिल्यै पानीको गहिराइमा डुबेर विलीन भइसक्यो।

मानिसलाई पनि उसको असल चरित्रले संसार सागरमा तैरिन मद्दत गर्छ। त्यही चरित्रको बलमा उसले संसारमा खुब प्रगति गर्छ, मान, सम्मान र इज्जत कमाउँछ। तर, जसको चरित्रमा दोष (प्वाल) हुन्छ, ऊ यही कमन्डलुजस्तै पतनको गर्तमा फस्छ र कहिल्यै उत्रिन सक्दैन।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। घुमफिर तथा मनोरञ्जनको समय छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। सोखले खर्च भने बढाउन सक्छ। औपचारिकता र उपहारमा पनि अधिक खर्च हुनेछ। आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ।

### वृष

विवादास्पद काममा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। बलजफ्तीले समस्या निम्त्याउन सक्छ। आफ्ना सामानमा अरूले दाबी गर्लान्। ईर्ष्या गर्नेहरूले सताए पनि केही सहयोगी जुट्नेछन् र आस मारेको नतिजा अन्त्यमा सकारात्मक हुनेछ। चुनौती चिर्दै फाइदा उठाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन्।

### मिथुन

काम रोकिनाले लक्ष्यप्राप्ति नहुन सक्छ। अरूका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ। अवसर प्राप्त भए पनि काममा ढिलासुस्ती हुनेछ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। संघर्षले कर्मयोग अघि बढ्नेछ। अध्ययनमा धेरै समय जुट्न नसकिएला। महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला।काम रोकिनाले लक्ष्यप्राप्ति नहुन सक्छ।

### कर्कट

आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ। आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। तर, फाइदा मात्र हेर्दा नाम बिग्रन सक्छ। बलजफ्तीले काम बिग्रन सक्छ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। लामो यात्रा हुने योग छ।

### सिंह

अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला। सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन्। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला। बुद्धिको उपयोगले लाभ दिलाउनेछ।

### कन्या

सुखद समाचारले उत्साह जगाउनेछ। बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

### तुला

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ।

### वृश्चिक

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। व्यवसायमा लगानी थप्नुपर्ने हुन सक्छ। खर्चिलो काम थाल्नाले धेरै रकम जुटाउनुपर्ला। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नो कामको फल अरूले हत्याउने चेष्टा गर्नेछन्। यात्रा गर्दा होसियारी अपनाउनु होला। मनोरञ्जनतिर मन जानेछ। सोचेको पुग्नेछ। आफन्त तथा मित्रजनबाट सहयोग मिल्नेछ।

### धनु

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा विशेष फाइदा हुनेछ। भौतिक साधनहरू संग्रह हुनेछन्। कामको राम्रै मूल्यांकन हुनेछ। आम्दानीका विभिन्न स्रोत फेला पर्नेछ। लगानीतर्फ लागत बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। छोटो समयमै उचित कर्मफल प्राप्त हुनेछ।

### मकर

कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। आफ्नो विषयवस्तुमा अरूले दाबी-विरोध गर्न सक्छन्। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। पछिका लागि गरिएको मेहनत र लगानीले भने अवश्यै फाइदा दिनेछ। व्यापार सामान्य रूपमा चल्नेछ। नियमित काम पनि सम्पादन हुनेछन्। सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ।

### कुम्भ

परिस्थितिवश काममा ढिलासुस्ती हुन सक्छ। सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ। काम रोकिनाले मन खिन्न रहनेछ। अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ। नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। केही बाध्यात्मक परिस्थितिमा अलमलिनु पर्ला। श्रम परे पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। टाढा टाढाको यात्रा हुनेछ। आफन्त तथा मित्रजनहरुसँग भेटघाट हुनेछ।

### मीन

परिस्थिति केही असहज रहने समय छ। स्वास्थ्यका लागि आहार-विहारमा ध्यान दिनुपर्ला। विगतका कमजोरीमा क्रमशः सुधार आउनेछ। लगनशीलताले उपलब्धि हातलागी हुनेछ। काम पूरा नभए पनि प्रयत्न गर्दा केही लाभ हुनेछ। सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातपार्न सकिनेछ। पुरानो ठाउँबाट नयाँ ठाउँ सर्नुपर्ने हुन सक्छ।

# विद्यालयमा अन्तरक्रिया



काठमाडौं। बूढानीलकण्ठ नगरपालिकाले नगरभित्र काम गर्ने गैरसरकारी संस्थाहरूसँग अन्तरक्रिया गरेको छ। नगरपालिकाको आयोजनामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा नगर उपप्रमुख, प्रमुख प्रशासकीयअधिकृत नगरका कर्मचारी तथा नगरपालिकाभित्र रहेर महिला बालबालिका अपाङ्ग लगायतको वर्गहरूको उत्थान र विकासका लागि काम गर्ने संस्थाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा संघसंस्थाबाट प्रतिनिधित्व गर्ने सहभागीहरूले आआफ्नो संस्थाले गर्ने कामको क्षेत्र विषय र लक्षित समूहको बारेमा बताएका थिए। सोही क्रममा संस्थाहरूले परियोजनाका लागि खर्च गरिने बजेटको बारेमा पनि प्रष्ट रुपमा कार्यक्रममा प्रस्तुत गरेका थिए। नगरपालिका क्षेत्रमा काम गर्ने संघसंस्थाहरूले काम गर्ने क्रममा पारदर्शीतालाई ध्यानदिनु पर्ने कुरामा प्रमुख प्रशासकीय अधिकृतले बताए। करिब आधा अर्ब बजेटको काम नगरक्षेत्रमा संघ संस्थाले गरेको देख्दा निम्नवर्गीय महिला बालबालिकालगायत लक्षित वर्गको उत्थान र विकासमा निकै ठूलो साथ रहेको कुरा उल्लेख गर्दै नगरपालिकासँग निरन्तर हातेमालो गर्दै काम गर्न पनि आग्रह गरेका थिए।

प्रमुख प्रशासकीय अधिकृतले नगरभित्र गरिने कार्यक्रम तथा परियोजनाहरू नगरपालिकासँग प्रत्यक्ष रुपमा समन्वय गरेर मात्र गर्नका लागि पनि सबैसँग आग्रह गरेका थिए। कार्यक्रममाउपप्रमुख अनिता लामाले नगरपालिकाभित्र निम्नवर्गका समुदायको उत्थान र विकासमा साझेदार संस्थाहरूको महत्वपूर्ण भूमिका हुने कुरा बताउदै नगर क्षेत्रमा रहेका महिला, बालबालिका जेष्ठ नागारिक तथा अपाङ्गहरूको उत्थानमा नगरपालिका सधै सम्वेदनसिल रहेको छ भन्दै विकासका साझेदार संघसंस्थाहरूसँग नगरपालिका सधै सँगसँगै अगाडी बढने कुरा पनि बताइन।

तरिका पद्धति फरक फरक भए तापनि अन्त्यमा पुग्ने ठाउँ एउटै हुने कुरा बताउँदै नगर क्षेत्रका समस्या परेका जोखिमयुक्त समुदायको विकासमा सधै एक भएर काम गर्नुपर्ने कुरा पनि नगर उपप्रमुखले बताइन्। कार्यक्रममा जनप्रतिनिधि शान्ता ढकालको संयोजकत्वमा नगरस्तरको संघसंस्था समन्वय समिति गठन गरिएको थियो। महिला बालबालिका अपाङगलगायतका लक्षित वर्गको उत्थान र समृद्धिका लागि काम गर्ने क्रममा सहज होस् भन्ने संघसंस्था समन्वय समितिको गठन गरिएको थियो। उक्त कार्यक्रमको अवसरमा बूढानीलकण्ठ नगरपालिकाभित्र रहने गरी नगरस्तरको गैरसरकारी संस्था महासंघको पनि गठन गरिएको थियो। संघको संयोजकमा रोज प्रधानलाई सर्वसम्मत रुपमा छनौट गरिएको थियो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Bulwark = बलियो प्रतिरक्षा The navy was the principal bulwark of Great Britain against other Euorpean armies बेलायतको जलसेना यूरोपेली अन्यदेश सेनाहरूको विरुध्दमा वलियो प्रतिरक्षा थियो

Collusion=अनियमित षडयन्त्रकारी योजना Most of the Italian political parties collapsed for their making political collusion in partnership with mafia माफियाहरूसंगको मिलोमतो राजनैतिक षडयन्त्र गरेको कारण इटलीका राजनैतिक दलहरू ध्वस्त हुन पुगे

Diffuse = छर्नु। फैलाउनु The duties of the mission are to diffuse their religion मिसनहरूको मुख्य उध्देश्य आफ्नो धर्म फैलाउनु हो

Ephemeral = छोटो आयु भएको In this world there are many ephemeral creatures whose adult life lasts no more than a day यो विश्वमा यस्ता छोटो आयु भएका प्राणीहरू पनि छन् जुन प्रौढ हुनासाथ एक दिनभन्दा केही वढीसमय मात्र वाच्दछन्

Foment = असन्तोष वा कूभावना फैलाउनु For fomenting disorder in the country the radical party was banned देशमा अशान्ती फैलाएको उग्रवादी दललाई प्रतिवन्ध लगाइयो

Gruff = खस्रो मिजास। ब्यवहारको For others he is a gruff but for me he is quite gentle अरूसंग खस्रो मिजाश गरेपनि मसंग चाहि उ ज्यादै भलाद्मी छ

Humus = कुहिएको झारपात Humus can be used as fertilizer in garden कुहिएको झारपातलाई वंगैचामा मलको रुपमा प्रयोग गर्न सकिन्छ

Implicit = ब्यक्त नगरिकनै बुझिने He never appreciated his son's success but his appreciation was always implicit उस्ले आफ्नो छोराको सफलताको देख्न र सुन्ने गरेर नभै मौनरुपमा गर्ने गर्दथ्यो।

Juggernaut = पेलाहा Nothing canbe done against a juggernaut पेलाहको अगाडि कसैको केही लाग्दैन

Knell = घंटको आवाज। ध्वनी This knell indicates that someone has passed away यो घंटको ध्वनीले कसैको मृत्यु भएको संकेत गर्दछ।

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Call for = केही कुरा माग्नु In difficulties, everyone calls for help अपठेरो पर्दा हरेकले मध्दत माग्छ।

Call for = आव्हान गर्नु Few lawmakers have called for the resignation of the Primeminister केही विधाएकहरूले प्रधानमंत्रीको राजिनामा मागेका छन्।

Call on = भेटनु Today President calls on few new ambassadors राष्ट्पतिले आज केही नया राजदुत भेटदैछन्।

Call out = वोलाउनु Please raise the hand immediately, when I call the name मैले नाम बेलाउने बित्तिकै हात उठाउनु होला।

Call to someone = थाहादिनु They call to me only when they have sometning new नया कुरा हुंदामात्र तिनीहरूले मलाइ थाहा दिन्छन्।

Call round somebody = कसैलाई सबै तिर खोज्नु I called him round but he was not there मैले उस्लाई सबै तिर खोजे तर उ त्यहा थिएन।

Call some body at = कसैलाई कुनैवेला फोन गर्नु Please do not call me already at 5 O'clock in the morning मलाइ एकबिहानै ५ बजे फोन नगर।

Calls oneself somebody = भन्दै हिडनु He calls himself a doctor but in reality he is not उ आफुलाई डक्टर भन्दै हिड्छ तर त्यो सत्य होइन।

Call something = भन्नु I never call German an easy language म जर्मनलाई सजिलो भाषा भन्दिन।

Call into = मा खिच्नु Chess is a game that calls into play all one's power of concentration चेस यस्तो खेल हो जस्ले खेल्नेको पुरै ध्यान खिच्छ।

## डिबी रानापालले पाए मार्सल सेल्फ डिफेन्समा डाक्टरको उपाधि




काठमाडौं: नेपाल सेल्फ डिफेन्स संघका केन्द्रिय अध्यक्ष डिबी रानापालले युनिभर्सिटि वर्ल्ड कम्ब्याट मार्सल आर्ट कलेज मार्फत डक्टरेटको उपाधि पाएका छन्। नेपाल सेल्फ डिफेन्स संघको आयोजनामा भएको आत्मरक्षा सम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय सेमिनार तथा हिमालयन हल अफ फेम अवार्ड कार्यक्रममा अन्तराष्ट्रिय सेल्फ डिफेन्सका संस्थापक अध्यक्ष पोल्यान्डका स्टानिस्ल म्याजर्याक र अन्तर्राष्ट्रिय कम्ब्याट मार्सल आर्टस् सोसाइटीका संस्थापक भारतका जगदिश सिंह खत्रीले डा.डिबी रानापाललाई युनिभर्सिटिको पिएचडि मार्सल आर्टको प्रमाणपत्र हस्तान्तरण गरिएको थियो।

महिलाहरूलाई सवल र सक्षम बनाई घरेलु तथा लैंगिक हिंसा न्यूनीकरण कसरी गर्ने, आकस्मिक हमला, सामूहिक झगडा, बलात्कार त्यसैगरी समाजमा हुने विभिन्न हिंसालाई कसरी न्यूनीकरण गर्ने विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा उनले पुर्‍याएको योगदान तथा मार्सल सेल्फ डिफेन्समा आफ्नो कला कौसल र क्षमताको उच्च प्रदर्सन गर्दै बिषय विज्ञता हासिल गरेको कारण युनिभर्सिटि वर्ल्ड कम्ब्याट मार्सल आर्ट कलेजले डा.डिबी रानापाललाई पिएचडि डाक्टरको प्रमाणपत्र प्रदान गरेको हो। उनि नेपालको नै पहिलो मार्सल सेल्फ डिफेन्समा डाक्टरको उपाधि पाउने व्यक्ति बनेका छन्।

सन् २०१६ मा स्थापना भएको नेपाल सेल्फ डिफेन्स संघले आत्मरक्षा सम्बन्धी तालिम प्रदान गर्दै आएको छ। नेपालको सातै प्रदेसमा शाखा खोलि मुलुकभर आत्मरक्षा सम्बन्धी तालिम संचालन गर्दै आएको यस संस्थाले अन्तराष्ट्रिय स्तरमा ख्याति समेत कमाएको छ। पछिल्लो समय नेपाली समाजमा महिला हिंसा, बलात्कार जस्ता जघन्य अपराधबाट महिला तथा किशोरीहरू प्रभावित भएकाले उनीहरूको पक्षमा संघले काम गर्दै आएको छ। डिबी रानापाल नेपाल सेल्फ डिफेन्स संघका संस्थापक अध्यक्ष हुन्।

### सुडोकु-अंक २७६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | | | | | १ | |
| ३ | | | ४ | ७ | ६ | | | ५ |
| ६ | | | | | | | | ४ |
| | | ३ | | १ | | ६ | | |
| | ६ | | ७ | | ३ | | ५ | |
| | | २ | | ९ | | १ | | |
| २ | | | | | | | | ८ |
| ७ | | | ८ | ४ | १ | | | ३ |
| | ५ | | | | | | ९ | |

### अंक २७५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ८ | ९ | ४ | २ | ५ | ६ | ३ |
| ४ | ६ | ५ | ८ | ७ | ३ | २ | १ | ९ |
| ९ | ४ | २ | ६ | १ | ५ | ४ | ८ | ७ |
| ३ | ७ | ४ | १ | ९ | ८ | ६ | २ | ५ |
| ५ | ८ | ९ | ७ | २ | ६ | ३ | ४ | १ |
| १ | २ | ६ | ५ | ३ | ४ | ९ | ७ | ८ |
| ८ | ४ | ७ | २ | ५ | ९ | १ | ३ | ६ |
| ६ | ९ | ३ | ४ | ८ | १ | ७ | ५ | २ |
| २ | ५ | १ | ३ | ६ | ७ | ८ | ९ | ४ |

प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# JUCHE IDEA AND THE DPRK TODAY

In addition to the most serious epidemic crisis, natural disasters hit the country. However, all the people have redoubled their efforts with no sign of pessimism, disappointment, fear and despair, persistently pushing ahead with this year's formidable struggle tasks including the immediate farming work and major construction projects. These are also miraculous achievements in which we ought to take pride.

Such key industrial sectors as the metallurgical, chemical, electric- power, coal-mining industries and rail transport, the buttresses of our self-supporting economy, and several other sectors directly related to improving the people's standard of living have scored laudable successes in fulfilling their production plans by waging an offensive struggle.

Unified guidance and management of the overall state affairs including the economic work is being further intensified with the socialist character being restored, and long-range projects are being designed and pressed forward with an eye to decades in the future, laying foundations and assets for the country's economic development and promotion of the people's wellbeing.

Sci-tech research has been decisively turned into that for solving the practical problems in accordance with pragmatic plans and objectives, the country's education is developing in a balanced way and with orientation towards training practically competent talents, the public health sector has gained valuable experience with which to deal with any type of epidemic and other public health crisis, and other meaningful progress has been made this year in developing socialist culture.

The victories and successes we have achieved this year clearly testify to the fact that our Republic is vigorously advancing towards comprehensive development and prosperity without any sign of stagnation, marking time and frustration, overcoming the subjective and objective challenges in all sectors.

**Comrades,**

Our Republic, holding higher the banner of independence and justice, has assumed a heavy duty for the times and history, and this demands a more vigorous struggle and advance and a greater victory.

It is without doubt that all the reactionary forces, shocked at our Republic's political measure of legalizing the policy of the nuclear forces, will surely turn out to be ever more desperate and relentless.

The challenges and obstacles lurking in our way ahead will never be removed unless the hostile forces get out of their deeply-ingrained and instinctive delusion that some day they might completely disarm us of the nuclear armaments and make our system collapse by employing such stereotyped tricks as threats and intimidation, sanctions and allurement.

The world will watch with keen interest how our people's choice of building a powerful socialist country is kept, how the DPRK carries out its determination and what other amazing miracles are worked on this land.

To grow stronger in the face of trials and to steadily develop and advance by building on the successes already gained is our Republic's unique trait which has been proven in the course it has followed.

As this immutable law dictates, we should continue to grow stronger in the future, too, and accomplish the struggle tasks we set out to do in an unconditional and perfect manner with no alteration on the road of our choice.

Today the government of our Republic is faced with the task of thoroughly maintaining and implementing the Party's lines and policies to achieve fresh innovations and development befitting the prestige of our state in every field.

To enhance our ultimate strength into infinity and make our armed forces more invincible by giving top priority and importance to building up the national defence capability–this is the primary revolutionary task facing the government of our Republic.

In view of the geopolitical features and strategic position of our country and the prevailing situation created before our revolution, the absolute military supremacy of our state over the aggressive forces of imperialism poses as an indispensable requirement.

The United States, which felt a great fear it would face in the near future after witnessing the defence development in some sectors we have opened to the public in recent years, is now continuing to cling to the heinous moves of sanctions and blockade and, at the same time, committing a grave intimidation-oriented sabre-rattling while hurling its nuclear strike weapons on a large scale around the Korean peninsula.

The present south Korean regime, too, is trumpeting about the strengthening of the south Korea-US combined defence posture by improving the executive ability of the south Korea-US "extended deterrence" and the enhancing of "deterrence" and "reaction capability" by building what they call "Korean-style three-axis system, " asserting the brigandish logic of containing us to make up for its army's military inferiority; it is stepping up dangerous military manoeuvrings and modernization of armaments which further aggravate the military tension in the region.

Such serious circumstances show that the military situation around our state has assumed a protracted nature, going from bad to worse, and, accordingly, we should be thoroughly prepared for them.

However, the situation aggravated by the enemy's moves has provided excellent conditions and environment for us to develop our military forces more rapidly and, more importantly, justness for strengthening our self-defence capability and inevitable justification for building it up on a priority basis.

The Ministry of National Defence and the defence industry of the Republic will take the prevailing situation as the most favourable opportunity to build up the military capability.

Our defence industry should correctly adhere to the planned orientation of its development true to the idea of defence development strategy put forward by the Party Congress, and speed up full steam the development of military hardware of a new generation for modern warfare.

Most importantly, it is imperative to steadily expand the space for the operation of tactical nukes and diversify their application means on a higher stage so as to enhance the combat reliability and efficiency of operational application of our nuclear forces, thus making the nuclear combat posture consolidated in every way.

It is also necessary to steadily step up the deployment of cutting-edge strategic and tactical weapon systems for combat and direct all efforts to remarkably strengthening the war deterrent of the country.We should further strengthen the politico-ideological might unique to our state and give fullest play to it in all sectors.

All our people are firmly united with one ideology and will and with noble virtues and human feeling, and make devoted efforts for the prosperity of their country–this is the advantage unique to our country and the motive force that brings about all great miracles on this land.

The might of single-hearted unity–the invincible might of our style of socialism and the most powerful weapon of our state–should be further consolidated in ideology, purpose and moral obligation.

We must thoroughly apply the people-first politics of our Party in the overall state affairs and intensify the activities of state power to ensure that all the people take an active part in the political affairs as masters of the state and society.

We should instil in all the members of society the pride and dignity that our ideology, our system, our culture and our lifestyle are the best, and inspire them to continue to give full play to the collectivist spirit, communist virtues and beautiful traits of our society.

Our country will always prosper without any vacillation when all the people remain faithful to their civic duties while putting the interests of the state and the collective first in their consideration and live and work as genuine socialist working people who devote their patriotic mind for the development and prosperity of their country.

We should direct great efforts to preparing all the people and service personnel of the People's Army to be vanguard class fighters and combatants who firmly safeguard their socialist country with a steadfast viewpoint on the archenemy and other enemies, and thus consolidate our politico-ideological position and class position.

The government of the Republic should dynamically push forward the struggle for implementing the five-year plan for national economic development and follow up the success in the next stage.

The most important revolutionary task facing the government is to definitely consolidate the foundations for achieving the comprehensive development of our own style of socialism and satisfactorily solve such urgent problems concerning the improvement of the people's living standards as the problems of food and consumer goods by implementing the five-year plan without fail.

The five-year plan is aimed at advancing towards sustained economic growth and remarkable improvement of the people's living standards on the basis of the economic situation of the country and the actual feasibilities.

When the five-year plan is implemented, the overall national economy will be put on a growth orbit with its work system, the ties among its sectors and its self-supporting foundations being readjusted and reinforced, and substantial changes will be brought about in solving the problems of food, clothing and housing for the people.

Actually, according to the strategy of readjustment and reinforcement, the lifeline and integrity of the country's economy have been further strengthened, many irrationalities rectified in the economic management, and normalization of production, renovation of production lines and provision of domestic raw and other materials actively promoted over the past one year and eight months. In particular, a vigorous drive for building 50 000 flats in Pyongyang and for provincial construction and rural construction was launched, opening up a bright prospect for solving the housing problem.

As was clarified at the 8th Party Congress, the GDP would increase by more than 40 percent and the production of consumer goods by more than 30 percent by the end of 2025 as compared to 2020. This shows that carrying out the five-year plan will provide a guarantee for giving an impetus to economic development of the country and the improvement of the people's living standards and for marching confidently towards a more gigantic struggle of the next stage.

Although the economic difficulties facing us now are severe, the government of the Republic, which has taken responsibility for the destiny and livelihood of the people, should set a correct orientation of struggle for implementing the five-year plan and execute it forcefully, and thereby achieve good results without fail.

The Cabinet, as the country's economic headquarters, should properly regulate economic construction and development in the direction of strictly supervising the overall economic work and pushing ahead with the work as a whole.

As the Cabinet is dealing with the overall economic work of the country, it is important for it to efficiently plan and direct the undertakings for developing the national economy as a whole in a simultaneous and balanced way.

The Cabinet should focus on the key sectors which are the cornerstone of the country's economy, and at the same time be concerned about, responsible for and take care of other economic sectors and the people's livelihood as a whole.

The system and order of placing the country's economic work under the control of the Cabinet are getting stronger. To keep with this, the Cabinet should take a proper control of the overall production and other economic activities, ensure an organic link and cooperation among economic sectors, and take practical and timely measures for boosting the sectors that are lagging behind or backward. In this way it can ensure balance, smoothness and efficiency of the country's economic work.

It should put major and sustained efforts into agricultural production and the development of light industry so as to settle the problems of food and consumer goods in the near future.

All the economic policies of our Party and government are geared to providing the people with an affluent life with nothing to envy by fully satisfying their material and economic needs.

The socialist construction we are pressing on with is, to all intents and purposes, a struggle for building an ideal society the people are desirous of and dream about. Therefore, the more the struggle is intensified, the more substantial results it should beget for the benefit of the people.

